मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



चौधरी दूतमा नियुक्त
पृष्ठ २ मा

● वर्ष १ ● अंक ५१ ● २०७९ साल पुस १५ गते शुक्रवार ● Friday 30, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मधेशमा जसपा र जनमतलाई आलोपालो नेतृत्व दिने तयारी

मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
मधेश प्रदेश सरकारको मुख्यमन्त्रीमा जनता समाजवादी पार्टी (जसपा) र जनमत दुवै पार्टीले दाबी गर्दै आएका छन । दुवै पार्टीले दलको नेता चयन नगरेपनि जसपामा आकांक्षीहरुको दौडधुप शुरु भइसकेको छ ।

श्रोतका अनुसार संघदेखि प्रदेशसम्म प्याकेजमा भागबण्डा मिलाउने भएकाले मधेश प्रदेशको मुख्यमन्त्रीमा जसपा र जनमतलाई आलोपालो गरि नेतृत्व छाड्न ओली र प्रचण्ड सहमत छन् ।

प्रारम्भिक प्रस्ताव अनुसार एमालेलाई ४, माओवादीलाई २ र मधेशमा जसपा र जनमतको आलोपालो हुनेगरी सहमति जुटाउने प्रयास भइरहेको छ । तर, यसबारे औपचारिक निर्णय हुन नसकेको एमाले श्रोतको भनाई छ ।

ती श्रोतले भने मधेश प्रदेशमा जनमत र जसपा दुवैलाई
- बाँकी पृष्ठ ६ मा





## निर्वाचन समिति गठन

यसैबीच संसदीय दलको नेता चयन गर्न जनकपुरधाम उपमहानगरपाकिाका तात्कालिन मेयर एवं पार्टीका केन्द्रिय सदस्य लालकिशोर साहको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गरिएको छ ।

निर्वाचन समीक्षाको जारी बैठकबाट बिहीवार गठित सो निर्वाचन समितिको सदस्यमा पार्टीका प्रदेश मुख्य सचिव दिनेश यादव र केन्द्रिय सदस्य अरुण साह रहेका छन । प्रदेश सभा सदस्यहरुको शपथ ग्रहणपछि
- बाँकी पृष्ठ ६ मा

## उपराष्ट्रपति बटम लाईन

यता संघीय सरकारमा सहभागी हुन जसपाले उपराष्ट्रपति पदलाई बटम लाईन बनाएको बुझिएको छ ।

जसपा अध्यक्ष उपेन्द्र यादव सरकारमा सहभागी हुन पावर शेयरिङको विषयमा प्रधानमन्त्री प्रचण्डसहित एमाले अध्यक्ष केपी शर्मा ओलीसँग निरन्तर संवादमा छन् ।

प्रचण्ड र ओलीसँगको भेटमा अध्यक्ष यादवले सरकारमा सहभागितासहित मुख्य एक संवैधानिक पदमा दाबी
- बाँकी पृष्ठ ६ मा

## जसपामा दौडधुप शुरु

जनता समाजवादी पार्टी नेपाल (जसपा)ले मधेश प्रदेशमा मुख्यमन्त्री पाउने चर्चा चलेसँगै सो पार्टीभित्र आकांक्षीहरुको दौडधुप बढेको छ ।

संसदीय दलको नेता मात्र मुख्यमन्त्री बन्न पाउने प्रावधान रहेकाले नेताहरूबीच संसदीय दलको नेताका लागि हानाथाप समेत भइरहेको छ । मधेश प्रदेशको प्रदेश सभा सदस्यमा जितेका नेताहरूले काठमाडौंसम्म गएर शीर्ष नेतृत्वलाई दवाव दिन दिई रहेका छन । हुनत अध्यक्ष उपेन्द्र यादव आफै जनकपुरधाममा छन ।

जनकपुर पुगेसँगै उनले पार्टीका नेता तथा कार्यकर्ताहरुसँग छलफल सुरु गरेका छन् । प्रदेश सभा सदस्यको शपथग्रहणपछि मात्र संसदीय दलको नेता चयन
- बाँकी पृष्ठ ६ मा

# प्रभु साहको नेतृत्वमा "आम जनता पार्टी" गठन




आरके श्रीवास्तवि
रौतहट, पुस १४ ।
विकाश प्रेमी नेताको रुपमा मधेशमा आफ्नो छुट्टै पहिचान बनाएका प्रभु साहले आफ्नो नेतृत्वमा नयाँ पार्टी गठन गरेका छन् ।

रौतहट क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभा सदस्यमा स्वतन्त्र निर्वाचित साहले आफ्नो नेतृत्वमा आम जनता पार्टी गठन गरेको हो । बिहीबार काठमाडौंको एक होटलमा भएको भेलाले साहको नेतृत्वमा ५१ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेको हो ।

साहले सातै प्रदेशमा अध्यक्ष र इन्चार्ज समेत तोकेको छ ।

प्रदेश १ मा अध्यक्ष हरिप्रदास पोखरेल र इन्चार्ज रामप्रित राम, मधेश प्रदेशमा अध्यक्ष श्रीचन मखिया र इन्चार्ज उपेन्द्र साह, बागमती प्रदेशमा अध्यक्ष नाम्गेल मोक्तान र इन्चार्ज बद्रीप्रसाद न्यौपाने, गण्डकी प्रदेशमा अध्यक्ष राजन यादव ' मनोज र इन्चार्ज बद्रीप्रसाद न्यौपाने, लुम्बिनी प्रदेशमा अध्यक्ष परमान्द बर्मा र इन्चार्ज रिता देवी यादव, कर्णाली प्रदेशमा अध्यक्ष सियाराम कुश्वाहा र इन्चार्ज उपेन्द्र साह र सुदूरपश्चिम प्रदेशमा अध्यक्ष केशव राय चौधरी र इन्चार्ज कुन्दन कुश्वाहा हुनुहुन्छ ।

रौतहटको क्षेत्र नम्बर ३ मा मधेश प्रदेशमै सबै भन्दा बढी विकास भएको र वारा, पर्सा रौतहट लगायतका जिल्लामा प्रभु साहको राजनीतिक पहिचान समेत छुटै रहेको हुँदा यस क्षेत्रमा साहको लोकप्रिय नेताको रुपमा साहको पहिचान रहेको छ ।

त्यस्तै जनवर्गीय संगठन तथा विभागहरुको जिम्मेवारी पनि तोकेको छ । जनवर्गीय संगठनको आईटी आर्मीको अध्यक्षमा चन्द्रभूषण साह, आम दलित मोर्चाको अध्यक्षमा चन्देश्वर बैठा, आम महिला मोर्चाको अध्यक्षमा कान्ति महतो, आम विद्यार्थी मोर्चाको अध्यक्षमा विवेक साह र आम किसान मोर्चाको अध्यक्षमा किताब तामाङलाई चयन गरिएको छ । संसदीय विभागको प्रमुखमा किरण साह, संगठन विभाग प्रमुखमा कुन्दन कुशवाहा, प्रचार प्रसार विभागको प्रमुखमा चन्द्रभूषण साह, विदेश विभागको प्रमुखमा बद्री न्यौपाने, स्कूल विभागको प्रमुख उपेन्द्र साह र आर्थिक विभागको प्रमुखमा इच्छा बहादुर वाग्लेलाई जिम्मेवारी दिइएको छ ।

अग्रगामी शक्तिहरुसँग सहकार्य र एकताको लागि भन्दै तिन सदसीय वार्ता समिती पनि गठन गरेको जसमा उपेन्द्र साह, रामप्रित राम, इश्लाम हवारी रहेका छन् । बैठकले प्रदेश अध्ययक्ष, सचिव र इन्चार्जको जिम्मेवारी पनि तोकेको छ ।

साहको अध्यक्षतामा बसेको विस्तारी बैठकले ६ बुँदे महत्वपूर्ण निर्णयहरु गरिएको प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको हो । बैठकले पहिलो बुँदामा स्वतन्त्र उम्मेदवार जिताउ अभियानमा सहभागी भइ स्वतन्त्र उम्मेदवार जिताउन सहयोग गर्ने सम्पूर्णलाइ धन्यवाद ज्ञापन गरिएको छ । दोस्रो बुँदामा सो पार्टीलाइ सञ्चालन गर्न आम जनता पार्टीको अन्तरीम विधान २०७९ लाइ पारित गरिएको छ ।

नेकपा खारेजसँगै एमाले र माओवादी आआफ्नो अस्तित्वमा फर्किंदा उनी एमालेमै रहेर अन्य दलसँग चुनावी तालमेल गरेर अन्य नेताहरुलाई निर्वाचनबाट वञ्चित गरी राजनीतिक हत्या गरेको भन्दै उनले गत ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएका थिए ।

साह चौथो पटक सांसद बनेका हुन् । ०६४ र ०७० मा रौतहट ३ बाट संविधानसभा सदस्य बाट विजयी भएका उनी ०७४ मा पनि यसै क्षेत्र बाट विजयी भएका थिए ।

# ज्येष्ठ सदस्य न्यौपानेले लिए शपथ

## आज बांकी सदस्यको सपथ

मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
मधेस प्रदेशसभाका ज्येष्ठ सदस्य गोवीन्द बहादुर न्यौपानेले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

प्रदेश प्रमुख हरिशंकर मिश्रले ७१ वर्षीय न्यौपानेलाई बिहीबार दिउँसो पद तथा गोपनीयताको शपथ गराएका हुन् । ज्येष्ठ सदस्यको रुपमा शपथ लिएका न्यौपानले शुक्रवार प्रदेश सभाका बाँकी १०६ जना सदस्यलाई शपथ ग्रहण गराउनेछ ।



नेकपा एकीकृत समाजवादीका नेता न्यौपाने मंसिर ४ मा सम्पन्न निर्वाचनमा सप्तरी-४ ' क' बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । नेपालको संविधानको धारा १८२ को उपधारा (५), प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम ज्येष्ठ सदस्यको हैसियतले प्रदेशसभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्य न्यौपानेले अन्य सदस्यलाई शपथ ग्रहण गराउने प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवले बताए । अब सांसद न्यौपानेले ज्येष्ठ सदस्यका हैसियतले प्रदेश सभाको अध्यक्षता गर्नेछन् । नेपालको संविधानको धारा १७९ बमोजिम प्रदेशसभा सदस्यले प्रदेशसभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि प्रदेश कानून बमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था रहेको छ । यसपटक मधेस प्रदेशमा नेकपा एमाले, नेपाली कांग्रेस, जसपा, जनमत पार्टी, लोसपा, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राप्रपा, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीसहित १० वटा दलको प्रतिनिधित्व रहेको छ ।

मधेस प्रदेश सभामा एमालेले प्रत्यक्षमा १५ र समानुपातिक ८ गरी २३ सिट पाएर पहिलो दल बनेको छ । यस्तै, नेपाली कांग्रेस प्रत्यक्षमा १३ र समानुपातिकमा ९ गरी २२ सिट पाएर दोस्रो, जनता समाजवादी पार्टी प्रत्यक्षमा ९ र समानुपातिकमा ७ गरी १६ सिट पाएर तेस्रो, जनमत पार्टी प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरी १३ सिटसहित चौथो दल बनेको छ । त्यस्तै, लोसपाले प्रत्यक्षमा ७ र समानुपातिकमा २ गरी ९ सिट पाएर पाँचौं, माओवादी केन्द्र प्रत्यक्षमा ४ र समानुपातिकमा ४ गरी ८ सिट पाएर छैठौं तथा एकीकृत समाजवादी प्रत्यक्षमा ४ र समानुपातिकमा ३ गरी ७ सिट पाएर सातौं दल बनेको छ ।

मधेस प्रदेशसभामा राप्रपा, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले समानुपातिकमा १-१ सिट पाएका छन् भने यसपटक ६ जना स्वतन्त्र उम्मेदवारहरू पनि निर्वाचित भएका छन् ।

# कांग्रेस मधेश दलको नेतामा यादव निर्वाचित

मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
नेपाली कांग्रेस मधेस प्रदेशको संसदीय दलको नेतामा प्रदेश सभापति कृष्णप्रसाद यादव निर्वाचित भएका छन् ।

कृष्णले १८ मत प्राप्त गरेका छन् भने प्रतिस्पर्धी रामसरोज यादवले ४ मत मात्र पाएका छन् । प्रदेशसभामा नेपाली कांग्रेसको प्रत्यक्षमा १३ र समानुपातिकमा ९ गरी २२ सांसद रहेको छ । बिहीवार दिउँसो ३ बजेदेखि जनकपुरधामस्थित कांग्रेसको प्रदेश पार्टी कार्यालयमा दलको नेता चयनका लागि मतदान भएको थियो । नेपाली काँग्रेसका संस्थापन पक्षका तर्फबाट निर्वाचित भएका कृष्णप्रसाद यादव पार्टीका प्रदेश सभापति समेत रहेका छन भने उनी रौतहट जिल्लाको निर्वाचन क्षेत्र नं १ को ख वाट प्रदेश सभामा निर्वाचित भएको हो । प्रतिष्पर्धी रामसरोज यादव धनुषाका निर्वाचन क्षेत्र नं ३ को क वाट रामसरोज यादव निर्वाचित हुनु भएका प्रदेश सभाका सदस्य रहेको छ ।



मधेश प्रदेशमा नेपाली काँग्रेस दोस्रो ठूलो दलको रुपमा रहेको छ । यसअघि पार्टीको मधेश प्रदेशको निर्वाचनमा पनि कृष्ण कुमार यादवले रामसरोज यादवलाई पराजित गर्दै प्रदेश सभाको सभापतिमा विजयी भएको थियो । नेपाली काँग्रेसको संसदीय दलका नेता छान्नका लागि तीन सदस्यीय निर्वाचन समिति बनाएकोमा सुरुमा सहमति गर्न खोज्दा सहमति नभएपछि निर्वाचनबाट निर्णय भएको पार्टीका प्रदेश उपसभापति एवं निर्वाचन समितिका संयोजक चन्द्रशेखर यादवले जानकारी दिएका छन ।

प्रदेश सभा सचिवालय
मधेश प्रदेश, जनकपुरधाम

प्रदेश सभा सदस्यको शपथ ग्रहण कार्यक्रमा उपस्थित हुने सम्बन्धी

अत्यन्त जरुरि सूचना

प्रकाशित मितिः २०७९/०९/११

नेपालको संविधानको धारा १७९ बमोजिम प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि प्रदेश कानून बमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था रहेको छ । नेपालको संबिधानको धारा १८२ को उपधारा (५), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम प्रदेश सभाको अध्याक्षता गर्ने माननीय ज्येष्ठ सदस्यले देहायको मिति समय र स्थानमा प्रदेश सभाका माननीय सदस्यहरुलाई गराउनु हुने शपथ ग्रहण कार्यक्रममा निर्बाचन आयोगबाट प्राप्त प्रदेश सभा सदस्यको प्रमाण पत्र (सक्कल तथा एक प्रति प्रतिलिपि), नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि एवं हालसालैको पासपोर्ट साईजको फोटो दुई प्रति सहित दुई घण्टा अगावै राष्ट्रिय पोशाक वा आ-आफ्नो सांस्कृतिक पहिचान झल्कने पोशाकमा उपस्थितिको लागि सम्पूर्ण माननीय सदस्यहरुलाई अनुरोध गर्दछु ।

प्रदेश सभाका कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहनु भएमा त्यस्तो सदस्यले शपथको ब्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रतिसहित प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ को उपदफा (२) बमोजिम तीन दिन अगावै प्रदेश सभा सचिवालयमा उपलब्ध गराउन हुन समेत यो सूचना प्रकाशित गरिएको छ । साथै सबै जिल्ला प्रशासन कार्यालयले यसै सूचनालाई आधार मानी आ-आफ्नो जिल्लाका प्रदेश सभाका माननीय सदस्यहरुलाई उल्लिखित जानकारी गराइदिने व्यवस्था हुन समेत अनुरोध गरिन्छ ।

**शपथ ग्रहण हुने मिति, समय र स्थानः**
**मिति** :- २०७९ साल पुस महिना १५ गते शुक्रवार ।
**उपस्थिति हुने समय** :- दिनको ११:३० बजे ।
**स्थान** :- प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम ।

रंजित कुमार यादव
सचिव

# अतिक्रमित जग्गा विद्यालयको संरक्षणमा ल्याइयो

मधेशदृष्टि
महोत्तरी, पुस १४ ।



महोत्तरीको बर्दिबास नगरपालिका स्थित तल्लो पाटुको विवादित जग्गालाई वडाले विद्यालयको संरक्षणमा ल्याइएको छ ।
पाटु स्थित जनजागृत माद्यामिक विद्यालयको नै स्वामित्वमा रहनेगरी वडा अध्यक्ष बिराट बिष्टले १८ बिघा ६ धुर जग्गाको विवाद टुंग्याएर विद्यालयको संरक्षणमा दिलाएका छन । लामो समयदेखी जोतभोग गर्दै आएको दावी गर्दै ब्यक्तीले नै अधिग्रहण गरेको उक्त जग्गाको विवाद टुंग्याउदै अध्यक्ष बिष्टले स्थानिय कुमार प्रसाद घिमिरेको संयोजकत्वमा समिती समेत बनाएका छन ।
विभिन्न ब्यक्तीले अधिग्रहण गरेको उक्त जग्गामा पोखरी र सौन्दयकरण गरेर पर्यटनस्थल निर्माण गर्ने अध्यक्ष बिष्टले जानकारी दिएका छन् ।
स्थानिय उपभोक्ता र विद्यालयले नै संरक्षण गर्दै आएको उक्त जग्गामा पार्क समेत निर्माण गरि स्थानियहरुको लागी आयआर्जनको वातावरण सिर्जना गर्ने तयारी गराएको उनले बताए ।
रातु नदिको तटिय क्षेत्रमा रहेको उक्त जमिन केही स्थानियहरुले फडानी गरेर जग्गा अतिक्रमण गरी वाली लगाएको छ । यो निर्णयसगैं मनलागी अतिक्रमण गर्ने स्थानियहरुमा समेत नियन्त्रण हुने विश्वास व्यक्त गरिएको छ ।
नगरमा नै सबैभन्दा बढी बर्दिबास-३ मा भु-माफियाहरुको चलखेल बढेको विभिन्न तथ्यहरु सार्वजनिक भैइरहेको वेला वडा अध्यक्ष बिष्टले लिएको पहल कदमीलाइ सकारात्मक रुपमा लिइएपनि जग्गा अतिक्रमणकारीहरु नाकारात्मक रुपमा लिएका छन ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्यमा घिमिरेको उम्मेदवारी

मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।



जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बाबुराम घिमिरेले राष्ट्रिय सहकारी बैंक लिमिटेडको संचालक समितिको राष्टिय सदस्य पदमा उम्मेदवारी दिएका छन ।
पुस १६ गते हुने राष्टिय सहकारी बैंक लिमिटेडको १९ वर्षिक साधारणसभामा संस्थाको हुने नया कार्यसमितिका लागि खुल्ला तर्फबाट घिमिरे संचालक समितिको सदस्यमा उम्मेदवारी दिएका हुन ।
उम्मेदवारी घोषणा पश्चात मधेशदृष्टिसंग कुराकानी गर्दै घिमिरेले सहकारी संस्थालाई सुसासनका कार्य स्थापित गराउने देखि लिएर संस्थाले वनाएका नियमलाई कार्यान्वयनमा ल्याउने आफनो लक्ष्य रहेको वताए ।
उनले कोभिड पछि सृजना भएको तरलता र आर्थिक मन्दीको समयमा सहकारी पुनः पहिलेकै अवस्थामा पुरयाउने आफनो लक्ष्य रहको ,त्यसका लागि आफु जिते पनि या नजितेपनि आफनो उदेश्य कायम रही काम गर्ने उनले प्रतिवद्धता जनाए ।
उनले भने,"सहकारी क्षेत्र सुदृढ भएर अगाडी नबढे सम्म सुखि नेपाली समृद्ध नेपालको परिकल्पना गर्न सकिदैन ।सहकारीमा अहिलेपनि उदेश्य अनुसारको काम गर्न नसकेको र यसलाई नै लक्ष्य अनुसारनै अगाडी बढाउने आफनो दायीत्व रहेको छ ।"उनले सहकारी संस्थालाई संरक्षण गर्नुपर्ने आवश्यकता रहेको र अहिलेको अवस्थामा मर्ज गरेर छरिएर रहेको पुजीलाई एकत्रित गरि सहकारीलाई अगाडी बढाउनुपर्ने समय आएको वताए ।
घिमिरे सगुन बचत तथा ऋण सहकारी सस्था लिमिटेडमा वि.स.२०५७ देखि २०७७ सम्म अध्यक्ष रहि मधेश क्षेत्रमा अभियानको सफल सस्था बनाउन सफल भएका छन ।
उनी २०६७ श्रावण देखि हाल सम्म जिल्ला बचत तथा ऋण सहकारी संघ सर्लाहिको अध्यक्ष रहि काम गर्दै आएका छन भने राष्ट्रिय सहकारी बैंक को सर्लाही शाखामा स्थापना कालदेखी हाल सम्म शाखा संयोजकको भुमिका मा रहि काम गर्दै आएका छन । त्यसैगरि उनी नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघको सर्लाही शाखा हरिवनमा स्थापना काल देखि हाल सम्म शाखा संयोजन समितिको सदस्य को रुपमा काम गर्दै आएका छन ।
२०५७ साल देखि हाल सम्म सहकारी क्षेत्रमा आफ्नो उर्जाशिल समय सहकारी क्षेत्रको विकासका लागि बिताइयो अब पहिले नेतृत्व गरेका सबै सहकारी मा आफ्नो नेतृत्व छाडदै अरु साथी हरुलाइ हस्तान्तरण गर्न थालियो र अब माथिल्लो नेतृत्वमा बसेर केही राम्रा काम गर्ने उदेस्यका साथ आफनो उम्मेदवारी घोषणा भएको उनको भनाई रहेको बताए ।

# लाखौ रुपैया बराबरको लता कपडा बरामद

मधेशदृष्टि
सिरहा, पुस १४ ।



सिरहाको विभिन्न स्थानबाट सशस्त्र प्रहरीले लाखौ रुपैया बराबरको विभिन्न किसिका लत्ताकपडा तथा अगरबत्तीको धुलो बरामद गरेको छ ।
विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण सिरहाले लुकाई छिपाई राखेको अवस्थामा करिब २९ लाख २२ हजार ४ सय रुपैयाँ बराबरको लत्ताकपडा तथा अगरबत्तीको धुलो बरामद गरेको हो ।
सिरहाको नवराजपुर गाउँपालिका वडा नम्बर ५ मेनहा बस्ने सञ्जय महतोको जस्तापाताले छाएको टहरामा लुकाई राखेको अवस्थामा १६ लाख २२ हजार ४ सय रुपैयाँ बराबरको लत्ताकपडा र अगरबत्तीको धुलो बरामद गरी सिरहा भन्सार कार्यालय मार्डरमा बुझाइएको बताइएको छ ।
सोही गाउँपालिका वडा नम्बर ५ झाँझपट्टी बस्ने विनोद यादवको घर नजिकै लुकाई छिपाई राखेको ५ लाख रुपैयाँ बराबरको १ सय २० बोरा अगरबत्तीको धुलोसमेत बरामद गरिएको छ ।
सशस्त्र प्रहरीले सोही ठाउँकै मेनहा बस्ने ब्रहमदेव महतोको जस्ताले बनाएको टहरोमा ५ लाख ५० हजार रुपैयाँ बराबरको १ सय ६० बोरा अगरबत्तीको धुलो र सोही गाउँपालिका ३ जगतपुर बस्ने शिवनारायण यादवको आगनमा लुकाई राखेको अवस्थामा २ लाख ५० हजार रुपैयाँ बराबरको ७२ बोरा अगरबत्तीको धुलो बरामद गरिएको जनाइएको छ ।
बरामद सामान भन्सार कार्यालय लैजाने क्रममा स्थानीयले ढुंगा हान्दा सशस्त्र प्रहरीको बा १ ग २०५५ नम्बरको ट्रकमा समेत क्षति पुगेको प्रहरीले जनाएको छ ।

SS Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने
हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।
माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।
* शर्तहरु लागु हुनेछ ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

# चौधरी पर्यटन सद्भावना दूतमा नियुक्त



मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
जनकपुरधामका विजय चौधरी अमेरिकाका लागि नेपालको तर्फबाट पर्यटन सद्भावना दूतमा नियुक्त भएको छ ।
नेपाल सरकार मन्त्री स्तरीय निणर्य अनुसार अमेरिका स्थित क्यालिफोर्निया राज्यका लागि पर्यटन सद्भावना दूतमा चार बर्षका लागि उनलाई नियुक्त गरेको उनका भाई लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा ) का नेता संजय कुमार चौधरीले बताएका छन् ।
उनी एशोसिएशन अफ नेपाली तराईयन ईन अमेरिका (एएनटिए) को अन्तर्राष्ट्रिय उपाध्यक्ष, फ्रिमन्ट सगरमथा लायन्स क्लबको प्रेसीडेन्ट,एनआरएनएको सक्रिय अभियन्ता र पूर्व शिक्षक समेत रहेको छ ।
जनकपुरधामको जानकी माविमा शिक्षण पेसामा रहेका विजय चौधरी केही वर्ष देखि अमेरिकाको क्यालिफोर्नियामा बस्दै आएका छन् ।
उनी चार बर्ष देखि क्यालिफोर्निया लाई कर्मक्षेत्र बनाई नेपाली कला, संस्कृती, पर्यटनको क्षेत्रमा नेपाल र नेपालीलाई विश्व सामु चिनाउनका लागि पर्यटन प्रवर्द्धनलाई संरक्षण गर्ने कार्यमा सक्रिय रही प्रवासी नेपालीहरूलाई जोडेर कार्य गर्दै आइरहेका छन् ।

# फिर्ता हुन थाले कार्यविधि विपरित खटिएका सुरक्षाकर्मी

मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
कार्यविधिमा व्यवस्था विपरीत खटिएका सुरक्षाकर्मी धमाधम फिर्ता हुन थालेका छन् ।
प्रहरी प्रधान कार्यालयबाट पूर्व कर्मचारी र सुरक्षाकर्मीहरूको व्यक्तिगत सहयोगीको रूपमा खटिएका सुरक्षा अधिकारीहरू गृहमन्त्रालयको निर्देशन अनुसार फिर्ता भएको हो । गृह मन्त्रालयले पुस १२ गते ४८ घण्टाभित्र कार्यविधि मिचेर परिचालन गरिएको सुरक्षाकर्मी फिर्ता गराउन सुरक्षा निकायलाई निर्देशन दिएको थियो । सो निर्देशन अनुसार बिहीबार साँझसम्म ५७ जना प्रहरी कर्मचारी फिर्ता आएको प्रहरी प्रवक्ता (डिआइजी) टेक प्रसाद राईले जानकारी दिएका छन । गृह मन्त्रालयमा प्रहरीका चालकलाई कर्मचारीहरूले आफ्नो सवारी चलाउन प्रयोग गर्दै आएका थिए ।
प्रहरी प्रधान कार्यालयबाट खटिएका चालकलाई गृह मन्त्रालयले फिर्ता पठाएको हो । गृह मन्त्रालयबाट ३१ जना चालक हेडक्वार्टर फर्किएको डिआइजी राईले जनाएको छ ।
गृह मन्त्रालयमा सह-सचिव र उप-सचिवहरूको कार्यालयमा सहयोगीको रूपमा प्रहरी परिचरहरू पनि खटिएका छन् । प्रधान कार्यालय स्रोतका अनुसार केही पूर्व मन्त्रीहरूका व्यक्तिगत सुरक्षा अधिकृत (पिएसओ) हरु पनि फिर्ता भएको छ । प्रहरी प्रधान कार्यालय स्रोतका अनुसार ५ जना पूर्व प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)को सहयोगीका रूपमा खटिएका सुरक्षाकर्मीलाई पनि फिर्ता बोलाइएको छ । विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि-२०७७ अनुसार पूर्व गृह मन्त्रीले १० वर्षसम्म २ जना पिएसओ र सशस्त्र प्रहरीको पछुवा गाडी पाउँछन् । पूर्व मन्त्रीले दुई वर्षसम्म १ जना व्यक्तिगत सुरक्षा अधिकृत पाउँछन् भने राज्यमन्त्रीले पनि दुई वर्षसम्म पिएसओ पाउने व्यवस्था छ ।

# कविलासी नपाका ६ जना विरुद्ध मुद्दा दायर

मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित ६ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको छ । सर्लाहीको कविलासी नगरपालिका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्याम किशोर राय, इन्जिनियर रामविनय प्रसाद यादव, सव-इन्जिनियर उमेश कुमार दास, अधुरो रामजानकी मन्दिर निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष रामभरोसी मण्डल धानुक, सचिव बालमेश्वर साह कलवार र कोषाध्यक्ष रिना कुमारीविरुद्ध भ्रष्टाचारको मुद्दा आयोगले दर्ता गरेको हो ।
उनीहरुमाथि कविलासी नगरपालिका ८ मा अधुरो रामजानकी मन्दिर निर्माण कार्यमा वास्तविक भन्दा बढी काम भएको गलत विल भरपाई बनाई रकम हिनामिना गरेको अख्तियारले जनाएको छ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

# गोलभेंडामा डढुवा रोगको प्रकोपले किसान चिन्तित

घनश्याम बलम्पाकी
सर्लाही, पुस १४ ।

सर्लाहीको उत्तरी क्षेत्रमा सैंयौ बिगाहामा लगाएको गोलभेंडाको बोट डढुवा रोगले मर्न थालेपछि किसान चिन्तित भएका छन् ।

एक सातादेखि चलेको शितलहरका कारण डढुवा रोगको प्रकोपले गोलभेंडाको बिरुवा मर्ने र फल कुहिन थालेपछि किसान चिन्तित भएका हुन् । जिल्लाको कर्मैया, हरिवन, अत्रौली, सासापुर, लालबन्दी, घुर्कौली, नवलपुर पत्थरकोट, रानीगंज, घारीबथानलगायतको स्थानमा ब्यवसायिक गोलभेंडा खेती हुने गर्छ। बिहान र बेलुकाको समयमा कठ्याङ्ग्रीदो चिसो र वर्षा झैं परेको शीत (तुषारो)ले गोलभेंडा कुहिन थालेको छ । सबै बिरुवा डढुवा रोगले मर्दै छ,गोलभेंडा कुहिन थालेको छ, ढुसी नाशक बिषादी छरे पनि रोग नियन्त्रण भएको छैन्,हरिवन नगरपालिका ३ डाबरीका ज्ञानबहादुर पुलामीले निरास हुँदै भने । उनका अनुसार



यस क्षेत्रमा गोलभेंडा खेती गर्ने सबै किसानको यस्तै समस्या भोगिरहेका छन् । अर्का किसान लालबन्दी ११ हिरापुरका मिलन रायले १० कठ्ठामा जमिनमा ५ बर्ष देखि गोलभेंडा खेती गर्दै आएका छन् । फल दिएको शुरुका दिनहरुमा राम्रै आम्दानी लिएको भएपनि पुस महिनाको दोस्रो सातादेखि परेको शितलहरका कारण बिरुवामा डढुवा रोगले फल र बिरुवा मरेपछि यसबर्ष लगानी समेत नउठ्ने हो की भन्ने चिन्ताले पिरोली रहेको उनले चिन्तित हुँदै भने । कृषि ज्ञान केन्द्र मलंगवा, सर्लाहीका अनुसार लामो समयसम्म चिसो र शितलहरका कारणले उत्तरी क्षेत्रका ब्यवसायिक रुपमा गोलभेंडा खेती गरेका किसान मारमा परिरहेका छन् । बाक्लो हुस्सु र हितलहरका कारण बिषादीले पनि काम नगरेको बताउँछन् । चिसो र शितलहरले तापक्रम अत्यन्तै न्युन हुने र वातावरणमा आद्रता बढ्दा जमिनमा रहेको ढुसी सक्रिय भइ डढुवा रोगको प्रकोप देखा पर्ने पर्ने कृषि प्राविधिकहरु बताउँछन् । पछिल्लो समय डढुवा रोगको प्रकोपले गोलभेंडा, आलु, तरकारी, तेलहन लगायतका बाली नराम्ररी प्रभावित भएको छ।

# डिएसपी केसी निलम्बित

मधेशदृष्टि
काठमाडौं, पुस १४ ।

इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक ठगबहादुर केसी निलम्बित भएका छन् ।

सुन व्यापारीसँग घुस रकम लिएको आरोप लागेका केसीलाई प्रहरी प्रधान कार्यालयको सिफारिसमा गृह मन्त्रालयले बिहीबार निलम्बन गरिएको हो । केसीले ब्यापारीबाट ३५ तोला सुन बरामद गरी मुद्दा प्रक्रिया अघि नबढाई पैसाको बार्गेनिङ गरेको जानकारी पाएपछि उनीमाथि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी) ले अनुसन्धान गरेको थियो ।



उनको निवासबाट ३५ तोला सुन, ८ लाख ५० हजार रूपैयाँ, ९ लाख ५० हजार रूपैयाँको खिम जिसीको नाममा रहेको चेक बरामद भएपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो । केसीलाई निलम्बनका लागि लुम्बिनी प्रदेश प्रहरी कार्यालयले प्रहरी प्रधान कार्यालयलाई सिफारिस गरेको थियो भने प्रधान कार्यालयले गृह मन्त्रालयमा सिफारिस गरेको थियो ।

# सुनौलो हजार दिनका आमालाई पोसिलो आहार वितरण

मधेशदृष्टि
महोत्तरी, पुस १४ ।

महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाले वड़ाहरुमा रहेका सुनौलो हजार दिनका आमाहरूलाई पोसिलो आहार सहितको झोला वितरण गरेका छन । मटिहानी नगरपालिका मेयर हरिप्रसाद मंडलले स्वास्थ्य चौकी धिरापुरमा सो वड़ाका सुनौलो हजार दिनका आमाहरूलाई बिहीवार एक कार्यक्रमबीच पोसिलो आहार सहितको झोला वितरण कार्यक्रमको शुभारम्भ गरेका छन ।

नगरपालिकाका ५ सयजना सुनौलो हजार दिनका आमाहरूलाई मधेश प्रदेश स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र मटिहानी नगरपालिकाको सहयोगमा स्वास्थ्य चौकीहरु मार्फत



सुनौलो हजार दिनका आमाहरूलाई वितरण गरिने कुरा स्वास्थ्य शाखा प्रमुख पवन कुमार मंडलले जानकारी दिएका छन । उक्त पोसिलो आहार सहितको झोलामा १ किलोग्राम- मिठो हलुवा, १ किलोग्राम- मिठो दलिया,१ किलोग्राम- मिठो मिश्रित खिचड़ी र १ किलोग्राम- स्पेशल खिर सुपर प्लस लगायतका सामग्रीहरु रहेको छ ।

# जाडोले विद्यालयमा ६ दिन विदा

मधेशदृष्टि
महोत्तरी, पुस १४ ।

गत दुई दिनदेखि बढेको अत्यधिक जाडोको दृष्टिगत गर्दै महोत्तरीको मनराशिस्वा नगरपालिकाले सामुदायिक तथा धार्मिक विद्यालयमा ६ दिने जाडो बिदा दिएको छ ।

अत्यधिक चिसो र शीतलहरका कारण जनजीवन कष्टकर बनेपछि स साना बालबालिकालाई विद्यालय आवत जावत गर्न कठिनाई भइरहेको कुराको दृष्टिगत गर्दै आईतवार देखि ६ दिनका लागि विदा दिइएको मेयर मोहन पाण्डेले जानकारी दिएका छन् । नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत माधवेद्र चौधरीले बिहीवार एक सूचना प्रकाशित गरी अत्यधिक चिसो र शीतलहरलाई दृष्टिगत गर्दै पुस १७ देखि २२ गतेसम्म नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयमा बिदा दिएको जानकारी दिए । वर्षे बिदाबाट कटौती हुनेगरी नगरभरिका विद्यालयमा बिदा दिइएको प्रमुख प्रशासकीय अधिकृत चौधरीले बताए ।

त्यस्तै अत्यधिक चिसो बढेपछि स्थानीय तहले ठाउँठाउँमा सर्वसधारणका लागि आगो ताप्न दाउरा बाल्नुका साथै जेष्ठ नागरिकलाई ब्लाङ्केट र च्यावनप्रस गायतका सामग्री वितरण गर्दै आएको मेयर पाण्डेले बताएका छन् । बाक्लो हुस्सु र शीतलहरका कारण महोत्तरीको जनजीवन कष्टकर बनेको छ भने चिसोबाट बिरामी भएकाहरुको स्वास्थ्य संस्थामा चाप बढ्दै गएको बताइएको छ ।

# वैकल्पिक सिकाइ व्यवस्थापन प्रणाली जडान र तालिम

आरके श्रीवास्तव
गरुडा, पुस १४ ।

रौतहटको फतुवा बिजयपुर नगरपालिकामा वैकल्पिक सिकाइ व्यवस्थापन प्रणाली जडान र तालिम सम्पन्न भएको छ । सो नगरपालिकाको वडा नम्बर ८ स्थित रहेको श्री माध्यमिक बिधालय बिजयपुरमा तालिमको आयोजन गरिएको थियो । नगरभरिको ६ वटा माध्यमिक बिधालयमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रम सम्पन्न भएको बिधालयहरुमा श्री मावि बिजयपुर,श्री मावि



हिमालीबास,श्री मावि पेटभरवा,श्री मावि टेंग्राहा,श्री मावि सितलपुर,श्री मावि दुधिअवा रहेका छन् । इ डिजिटल नेपालको आयोजनामा भएको तालिममा मैनेजर राहुल चौधरीले प्रशक्षिण दिएका थिए । तालिममा डाटा इन्ट्री,अनलाइ कलास सेम्पल,इ-लर्निङ्ग लगायतको विषयमा जानकारी गराइएको थियो । इ डिजिटल नेपालले फतुवा बिजयपुर नगरपालिका सँग समझौता गरी सहभागी बिधालयहरुलाइ बैसिक बिलिङ्ग एण्ड रिर्पोट,मोबाइल एप,आइडि कार्ड लगायतका सेवाहरु दिइ राखेको छ । पहिलो चरणमा नगरभरिको सामुदायिक बिधालयहरुमा ल्यापटाप वितरण गरिएको थियो भने आज दोस्रो चरणमा तालिम गराइएको शिक्षा संयोजक तेजनारायण यादवले जानकारी गराउनु भयो । सो अवसरमा श्री मावि टेंग्राहाका प्रधानाध्यापक अनिल यादव,श्री मावि बैरगनियाका प्रधानाध्यापक रामनाथ यादव लगायत सहभागी बिधालयका प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।

# श्री चतुरबिर प्राविको प्रअमा यादव

मधेशदृष्टि
रौतहट, पुस १४ ।

रौतहटको देवाही गोनाही नगरपालिकाको एक विधालयको प्रधानाध्यापक फेरिएको छ ।

सो नगरपालिकाको वडा नम्बर ४ स्थित रहेको श्री चतुरबिर प्राथमिक बिधालयको प्रधानाध्यापकको रुपमा सुरेश राय यादवलाइ जिम्मेवारी दिइएको छ । आज एक कार्यक्रमका बिच वहाँले कार्यभार सम्हाल्नु भएको छ ।

सो नगरपालिकाको नगर शिक्षा समितिको गत पुस ५ गतेको निर्णय अनुसार सरुवा भइ दोहर टोलमा रहेको बिधालयमा बिहिवार हाजिर हुनु भएको हो । सो अवसरमा वडा नम्बर ४ का वडा अध्यक्ष रामप्रवेश पटेल,वडा नम्बर ७ का वडा अध्यक्ष उपेन्द्र राय यादव,वडा नम्बर ८ का वडा अध्यक्ष विजय पटेल लगायतको उपस्थिती रहेको थियो ।



# चन्द्रपुर नगरपालिकाले खोल्यो कित्ताकाट र रजिष्ट्रेसन

मुकेश कुमार साह
रौतहट, पुस १४ ।

चन्द्रपुर नगरपालिकामा रौतहट जिल्लाकै पहिलो जग्गाको कित्ताकांट र मालपोत रजिष्ट्रेसन खुलेको छ ।

चन्द्रपुर नगरपालिकाका नगर प्रमुख संजय कुमार काफ्लेको बिशेष पहलमामधेश प्रदेशमै पहिलो जग्गाको कित्ताकाट र मालपोत रजिष्ट्रेसन खुलेको हो ।

गत असोज १३ गते बसेको कार्यपालिका बैठकले चन्द्रपुर नगरपालिकाको जग्गालाई व्यापारीक क्षेत्र, आवासिय क्षेत्र र कृषि क्षेत्रमा वर्गिकरण गरि कित्ताकाट र जग्गा रजिष्ट्रेसन गर्न मालपोत कार्यालय र नापी कार्यालय चन्द्रनिगाहपुर शाखालाई पत्रचार गरेको थियो । लामो समयदेखि बन्दगरिएको जग्गाको कित्ताकाट र मालपोत रजिष्ट्रेसन काम सुरु गरिएको मालपोत कार्यालय चन्द्रनिगाहपुरका कार्यालयका प्रमुख रोशन श्रेष्ठले जानकारी दिएका छन् ।

बिभागीय समस्याले मंसिर २३ गते देखि छोटो समयको लागि बन्द गरिएको जग्गाको कित्ताकाट र मालपोत रजिष्ट्रेसन पुःन खोलिएको मालपोत कार्यालयका प्रमुख श्रेष्ठले बताए । चन्दपुर नगरपालिका चन्द्रनिगाहपुरको पुर्व पश्चिम राजमार्ग र चन्द्रपुर गौर सडक क्षेत्रलाई व्यापारीक क्षेत्र,चन्द्रपुर नगरपालिकाका १० बटै वडामा रहेका विभिन्न सडकहरुको दायाबाया सय मिटरसम्म को कित्तालाई आवास क्षेत्र ,व्यापारीक र आवाशिय क्षेत्र बाहेककाकित्ताहरुलाई कृषि क्षेत्रको रुपमावर्गिकरण गरिएको चन्द्रपु नगरपालिकाका नगर प्रमख संजय कुमार काफ्लेले जानकारी दिएका छन् ।

# थापाले पाए कार्यबाहक सभापतिको जिम्मेवारी

मुकेश कुमार साह
रौतहट, पुस १४ ।

नेपालीकांग्रेस चन्द्रपुर नगरपालिका वडा नम्बर ५ ले वडा उपसभापतिमा बिष्णु बहादुर थापालाई कार्यबाहक सभापतिको जिम्मेवारी दिएको छ ।

प्रतिनिधि सभा र प्रदेश सभा (२०७९) को निर्वाचनमा पार्टी विरोधी गतिविधि एवं नेपाली काग्रेंस पार्टी प्रति वफादार नभएर अन्यदलहरु संग साठगाठमा संलग्न भएको ठहर गर्दै चन्द्रपुर नगरपालिका वडा नम्बर ५ का वडा सभापति कल्याण कार्कीलाई पार्टिले कार्वाही गरी उपसभापति थापालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएको नेपाली कांग्रेस चन्द्रपुरनगरका सचिव गणेश चौलागाईले जानकारी दिएका छन् ।



सम्पादकीय

# नाम उपभोक्ता, काम ठेकेदार

भौतिक विकास संभवत नेपाल प्राथमिक आवश्यकता हो । प्रमुख जिम्मेवारीमा रहेका नेताहरुका भाषणहरु, सरकारका नीति तथा कार्यक्रमहरुमा भौतिक पूर्वाधार विकासका योजना हुन्छन् । खास गरेर सडक, प्रवेशद्धार निर्माण, भवन निर्माण तथा सिंचाई लगायतका क्षेत्रमा राज्यकोषको ठूलो रकम प्रयोग हुने लगरेको छ । तर, विकासको नाममा छुट्याएको बजेट के कसरी उपयोग भैरहेको छ ? लगानीको तुलनामा काम भएका छन् वा छैनन्, भरपर्दो र स्तरीय काम भएको छ वा छैन ? यावत प्रश्नहरुको उत्तर आशातित पाइदैन । नियम कानून छन्, तर जिम्मेवारीमा बसेकाहरुले त्यसको पालना गर्ने नियत राखेका छैनन् ? त्यसको निगरानी भैरहेको देखिदैन ।

स्थानीय तहदेखि केन्दीय सरकारका आयोजनाहरु सम्पन्न गर्ने नियम छन् । व्यवहारमा ति नियमको उल्लंघन गर्दे उपभोत्ता समितिको नाममा मुलुकभर राज्यकोषको पैसामा सीमित मानिसको हालीमुहाली हुने अवस्था सृजना गरिएको छ । विशेष गरेर स्थानीय तहहरुमा उपभोत्ता समिति मार्फत काम गराउने, आफ्ना कार्यकर्ताहरुलाई काम दिने र जसोतसो बजेट 'उपयोग' गर्ने प्रवृती मौलाएको छ ।उपभोत्ता समिति कस्तो अवस्थामा गठन गर्न सकिन्छ, कति बजेटसम्म त्यस्ता समितिले चलाउँन पाउँछन् ? उपभोत्ता समितिले के कस्ता काम गर्न पाउँछन् ? कानूनमा स्पष्टसँग लेखिएको छ । खास गरेर सरकारी ठेक्का लगाउन आवश्यक नपर्ने, उपभोत्ताले आफैले श्रमदान गर्नसक्ने र स्थानीय श्रोत साधनबाट हुनसक्ने योजनामात्र उपभोत्ता समितिले गर्न पाउँदछन् । तर, व्यवहारमा के देखिन्छ भने औपचारिकताका लागि उपभोत्ता समिति गठन गर्ने काम भने सबै ठेकेदारले गर्ने प्रवृती विशेष गरेर स्थानीय तहहरुमा मौलाएको छ । स्थानीय तह भनेको स्थानीय सत्ता हो, कार्यकारी हो, त्यसको नेतृत्व गर्नेहरुनै जिम्मेवारीबाट पन्छिएपछि विकृतीहरु जन्मन स्वमिक हो ।

सिरहाको मिर्चैया नगरपालिकाले उपभोत्ता समितिलाई दिएको एउटा योजनालाई लिऔं। सडक कालोपत्रे गर्न उपभोत्ता समितिलाई काम दिइएको छ । कागजात सबै उपभोत्ता समितिको छ, कागजमा उपभोत्ता समितिको बैंठकहरु बसेका छन्, उपभोत्ता समितिका अध्यक्ष लगायतका पदाधिकारीहरुको हस्ताक्षरमा बैंकमा खाता संचालन भएको छ । नाम उपभोत्ता समितिको छ, काम भने खुलेआम ठेकेदारले गर्दे आएका छन् । मिर्चैया नपा ४ कल्याणपुर-मिर्चैया सडक देखि कुथनमा गाउँसम्म जोड्ने सडक कालोपत्रे निर्माणको काममा मेयर र नगरपालिकाका प्रशासकीय अधिकृतहरुको विश्वासपात्र ठेकेदारले पाएका छन् । पहिलो, उपभोत्ता समितिलाई कालोपत्रै गर्ने जस्ता काम दिन मिल्दैन । तर, मिर्चैया नगरपालिले कानूनको बर्खिलाप काम गरेको छ । र, मेयर तथा त्यसमा संलग्न सरोकारवाल कर्मचारी कारवाहीका भागि छन् । तर, कस्ले गर्ने कारवाही, समाजमा ठेकेदारहरुले विरोधीहरुको आवाज बन्द गर्ने हैसियत राख्दछन् ।

आर्थिक वर्ष ०७८/७९ मा ८ सय मिटर सडक कालोपत्रे गर्न गठन गरिएको 'कालो पत्रे तथा नाला निर्माण' को काम आर्थिक वर्ष ०७८/७९  सम्पन्न भएन । सोही कामका लागि २०७९/०९/०८ सम्मको म्याद थप गरेर कागजी उपभोक्ता समितिलाई दिइएको छ । नगरपालिकाले ८५ लाख र जनसहभागीता ९ लाख २६ हजार ३०७ रुपैयाँ सहित ९४ लाख २६ हजार ३०७ रुपैयाँ बजेट विनियोजन गरिएको छ ।  त्यसमध्ये ३० लाख रुपैयाँ रकम निकासा भैसकेको उपभोक्ता समितिका अध्यक्ष जितेन्द्र कुमार साहले दिए जो आफै पनि समितिले गरेका कामबारे राम्रो जानकारी देखिदैनन् ।

साह, थप कामको विषयमा कुनै जानकारी नभएको बताउँछन् । आफूलाई पुरानै बजेट अनुसार काम भएको हो भन्ने लागिरहेको बताउँदै साह अघिल्लो आर्थिक वर्षको निकासापछि आफूलाई कसैले नखोजेको अनुभव सुनाउँछन् । यता पुरानै समितिलाई म्याद थप गरी काम गर्न दिएको भनाई  प्रमुख प्रशासकीय अधिकृतको छ ।

उनले आफूलाई उपभोक्ता समितिको अध्यक्ष बनाएपनि सम्पूर्ण कागजपत्र र बैंकको चेक समेत संजय ठेकेदारले राखेको बताए । निकासा पनि उनीहरुले किर्ते गरेर निकालेको हुनसक्ने साहको आरोप छ। यस उपभोक्ता समितिको नाममा मिर्चैयास्थित एनआईसी एसीया बैंकको मिर्चैया शाखामा खाता रहेको साहले बताए।

त्यसोत कुनै पनि विकास निर्माणको काम गर्दा निमार्णस्थलमा निर्माणका सम्पूर्ण विवरण झल्कने साईनबोर्ड राख्नुपर्ने व्यवस्था छ । तर, त्यस्ता बोर्ड कतै देखिदैंनन् । उपभोक्ता समिति कार्यविधि अनुसार उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति अफैले गर्नुपर्दछ ।  निमार्ण व्यवसायी र कुनै व्यक्ति वा संस्थालाई ठेक्कामा दिइ पाइदैन । तर, व्यवहारमा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको मिलोमतो भयो भने जे पनि गर्नसक्ने छुट देखिन्छ ।जनताबाट निर्वाचित राजनीतिक कर्मी र सरकारी कर्मचारी दुबै कानूनका पालन कर्ता हुनुपर्ने हो ।तर, उनीहरुकै   मिलेमतोमा कानुनलाइ लत्याउँदै ऐन-नियम विपरितका काम गर्ने उद्यममा लागेका छन् ।

स्थानीय तहमा उपभोत्ता समितिबाट संभव नहुने काम, गर्न नमिल्ने कामहरु ठेक्का प्रथाबाट गर्ने परम्परा बसालियो भने अहिले देखिएका धेरै विकृतीहरु हराएर जान्छन् । त्यस्तो अवस्थाका लागि नागरिकहरु सचेत, जागरुक हुनुपर्दछ । कानूनको वर्खिलाप काम गर्नेहरु विरुद्ध आवाज बुलन्द जिम्मेवारी पनि नागरिककै हो ।

# आधुनिक शैक्षणिक प्रविधिक र खोज



– उदय कुमार यादव

ग्रिक भाषाको **Techniko** र **Technologia** बाट **Technology** शब्द बनेको मानिन्छ । **Techniko** को अर्थ सीप वा कला (**Skill or art**) भन्ने बुझिन्छ। सोझो रुपमा यसको सम्बन्ध प्रायोगिक विज्ञान अर्थात् **Applied Science** सँग गाँसिएको छ। यसले व्यवस्थित रुपमा गरिने यानित्रक कलाको अध्ययन तथा यान्त्रिक कला वा सीपको व्यवस्थित प्रयोगलाई बुझाउँछ । यसर्थ शैक्षिक प्रविधि पनि यस मानेमा यस्तो प्रक्रियाबाट अलग हुन सक्दैन र यो पनि यो पनि प्रयोगिक तथा व्यावहारिक विज्ञान कै एउटा रुप हो भने बुझ्नु पर्छ ।

शैक्षिक प्रविधि शिक्षण सिकाइका क्षेत्रमा पैदा भएका विभिन्न जील समस्याहरु समाधान गर्ने क्रममा विकसित हुन पुगेको हो । मानिसको सिकाइ परिस्थितिहरुमा पैद्धानिक प्रक्रियाको उपयोग नै शैक्षिक प्रविधि हो । शिक्षण सिकाइ र तालिमका क्षेत्रमा पैदा हुने समस्याहरु समाधान गरी त्यसमा प्रभावकारिता र दक्षता वा सक्षमता विकास गर्न वैज्ञानिक ज्ञान र सीपहरुको प्रयोग गर्नु शैक्षिक प्रविधि हो । यसमा सिकाइ मनोविज्ञानको पनि उपयोग गरिन्छ ।

त्यसकारण विभिन्न साधन र उपकरणहरुको प्रयोगमा मात्र शैक्षिक प्रविधि सीमित हुँदैन । विद्यालयका शैक्षिक उदेश्य, सिकारुमा परिवर्तन गर्न चाहेका व्यवहार, शिक्षणको संरचना र तत्वहरु, शिक्षणकार्य बिधी, पद्यति तरिको, सामग्री, कारण र परिणामको सम्बन्ध मूल्याङकन आदिको वैज्ञानिक अध्ययन र प्रयोग नै शैक्षिक प्रविधि हो ।

यस भित्र शिक्षण प्रविधि, तालिम प्रविधि, व्यवहार प्रविधि, शैक्षणिक ढाँचाहरु र अन्य विभिन्न शैक्षणिक प्रविधिहरु पर्दछन् । अतः शैक्षणिक प्रविधि पनि शैक्षिक प्रविधि भित्रकै एउटा विशिष्ट रुप वा प्रकार हो । जसको सदुपयोग तथा परिणाम स्वरुप आजको अन लाइन लर्निङ्ग, (**Online Learning**) अन लाइन जब (**Online Job**) र अन लाइन बिजनेश (**Online Business**) पनि संभव हुन गएको देखिन्छ ।

आधुनिक शैक्षणिक प्रविधिका प्रमुख उपलब्धिहरु : अहिलेको खुला शिक्षा प्रणाली (**Open Education System**) तथा दुर शिक्षा (**Distance Learning System**) प्रणाली :

खुला शिक्षा प्राप्त गरिने तरिका तथा यसको सान्दर्भिकता :

एकै प्रकारको शिक्षा सबैलाई हुनु पर्छ । जुनसुकै उमेर स्तरका मानिसलाई औपचारिक शिक्षामा प्रवेश पाउनु पर्छ भन्ने अर्थमा खुला शिक्षालाई लिइनु हुदैन ।

परम्परागत सिकाइ पद्धतिले मात्र सबैलाई समेटन सकेन त्यो प्रयाप्त भएन, शैक्षिक अवसरमा समानता हुनु पर्छ, प्रजातन्त्रिकरण हुनु पर्छ र शिक्षा चाहि सबैका लागि हुनु पर्छ भनेर औपचारिक शिक्षाको विकल्पमा विभिन्न शैक्षिक कार्यक्रमहरु देखा परे । यसरी नै देखा परेको शिक्षाको एउटा विकल्प खुला शिक्षा पद्धति पनि हो । सामाजिक आर्थिक, राजनैतिक, सांस्कृतिक धार्मिक, पारिवारिक, भोगोलिक इत्यादि कारणले औपचारिक शिक्षा लिनबाट वञ्चित वयत्तिः वर्ग वा समुदायका मानिसहरुले पनि आफ्नो समय, अवस्था, ईच्छा र आवश्यकतानुसार अन्य शैक्षिक कार्यक्रमहरुमा समावेश भई शिक्षा प्राप्त गर्न सकून भनेर आएको एउटा आधुनिक दृष्टिकोण खुला सिकाई शिक्षा । कुनै पनि व्यक्ति शिक्षा प्राप्त गर्न नसकी उन्नतीमा पछि पर्नु हुदैन भन्दै सामाजिक न्यायको दृष्टिले यो धारणा अघि आएको, शिक्षामा आएको औपचारिक संरचनाको सिद्धान्त, सबैलाई शिक्षा खुला छ भन्छु तर त्यसको बढि औपचारिकले गर्दा शिक्षा लिन नसकिने हुन जान्छ ।

उनिहरुको निम्ति खुला शिक्षा प्रदान गर्ने कार्यक्रमहरुले खुला सिकाइमा योगदान पुर्याउँछ । यस्तो शिक्षा कार्यक्रमहरु अनुसार आफूलाई पायक पर्ने, सबै सुलभ हुने, पहुँच पुग्ने, आफ्ना पेशागत तथा व्यावसायिक कार्यहरु पनि छाडन गर्ने, ढंगले शिक्षा प्राप्त गर्ने अवसर खुला सिकाइ पद्धतिले नै प्रदान गर्दछ ।

यसमा पनि औपचारिक र अनौपचारिक शिक्षा दिन सकिन्छ । यो यति सर्व-सुलव तथा व्यापक हुन सक्छ जसको वर्णन गर्न कठिन छ । किनकी सबैका लागी शिक्षा र शिक्षामा प्रजातान्त्रिकरण भन्ने नारालाई यसबाट सहयोग पुग्छ। खुला विश्वविद्यालय, खुला विद्यालयहरु आम सञ्चारका साधनहरुमा आधारित शिक्षा, पत्राचार शिक्षा, रेडियो शिक्षा, टेलिभिजन शिक्षा, दुर शिक्षा, स्वाध्यायनका तरिकाहरु आदि विभिन्न अनौपचारिक शिक्षाका कार्यक्रमहरु ईत्यादि खुला शिक्षा प्रदान गर्ने विभिन्न निकाय तथा कार्यक्रमका उदाहरणहरु हुन् । अतः अनियमित, औपचारिक र अनौपचारिक शिक्षाका विभिक्त निकायहरुबाट आ-आफ्नो गति, समय र स्वतन्त्रता अनुकूल प्राप्त गरिने सिकाइलाई नै खुला शिक्षा भनिन्छ ।

यो कक्षा कोठामा मात्र सिमित नभई पेसागत स्थल र घरमै ध्ययन गर्ने मौका प्राप्त हुन्छ । अध्ययन गर्न योग्यता पुगेका सबैका लागि खुला हुन्छ । यसमा आफ्नो योग्यता र रुचि अनुसारका विषयहरु छनौट गरी अध्ययन गर्न पाइन्छ । जातजाति, धर्म, सन्प्रदाय, आदिको आधारमा भेदभाव हुदै हुदैन ।

दुर शिक्षा : प्राप्त गरिने प्रक्रिया (यसको महत्व तथा आवश्यकता र नेपालमा यसको सदुपयोगको शुरुवात :

विद्यालय तथा विश्वविद्यालय शिक्षाको अवसरबाट वन्चित हुने सुदूर क्षेत्रका बालबालिका तथा विभिन्न व्यक्तिहरुलाई प्रदान गरिने एउटा खुला सिकाइ कै पदुतिलाई नै दुर शिक्षा भनिन्छ । जहाँ शिक्षण संस्थाहरु खोल्न सकिदैन, खोले पनि सहभागिहरु कम नै हुन्छन् र खर्च तथा लाभको अनुपात मिल्दैन, दक्ष र तालिम प्राप्त शिक्षकहरुको अभाव हुन्छ । त्यस्ता त्यस्ता दुर्गम र उपायक क्षेत्रमा सिकाइको अवसर प्रदान गर्न यस्तो शिक्षाको व्यवस्था गरिन्छ । यस्तो शिक्षाले त्यो क्षेत्रका कम सुविधा प्राप्त व्यक्तिहरु, महिला प्रायः गृहिणी, अल्य संख्यक जनख्या, बीचैमा विद्यालय छाडनेहरु, विदालय बाहिरका केटाकेटीहरु तथा युवाहरु बेरोजगार अपाङगहरु र विभिन्न पेसाकर्मीहरु समेत यस्तो शिक्षा प्रदान गर्न सकिन्छ हाम्रो जस्तो आर्थिक, सामाजिक, भौगोलिक, राजनैतिक, सांस्कृतिक आदि कारणले शिक्षाको सुनौला अवसर नपाउनेहरुका लागि यो सिकाइ प्रक्रिया ज्यादै नै उपयोगी र भरपर्दो पनि भनिन्छ ।

साथै यसबाट पनि औपचारिक र अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ । जसका लागि आम सञ्चारका साधनहरुलाई उपयोग गरिन्छ । यसबाट विद्यालय शिक्षाबाट साधनहरुलाई उपयोग गरिन्छ। यसबाट विद्यालय शिक्षाबाट वञ्चित भएकोहरुलाई शिक्षाको अबसर प्राप्त हुन्छ । सामाजिक आर्थिक सांस्कृतिक राजनैतिक विभेद हुदैन । आवश्यकतानुसार विषय छनौट गरेर अध्ययन गर्ने स्वतन्त्रता पाउन सकिन्छ । यस सन्दर्भमा नेपालको इतिहासमा, सर्व प्रथम २०३३।०३४ सालतिर नै शिक्षक तालिमको क्षेत्रमा यो कार्यक्रम सञ्चालन गरिएको पाइन्छ ।

वि.सं. २०३७ (सन १९८०) दुर शिक्षा केन्द्रले प्राथमिक शिक्षकका लागि रेडियो शिक्षक तालिम सञ्चालन गर्‍यो ।

दुर शिक्षा कै तरिकाद्वारा पू.वि.वि. ले २०५८ सालदेखि एक वर्ष बी.एड. कार्यक्रम पनि सञ्चालन गर्दै आइ रहेको देखिन्छ ।

नेपालमा दुर शिक्षा केन्द्रको स्थापना २०५० श्रावण १ गते शिक्षा सम्बन्धी विविध जानकारी एवं शिक्षक तालिम कार्यक्रम दुर सञ्चारको माध्यमबाट प्रशासरण गर्न स्थापना भएको थियो । तर यहाँ २०३३।३४ (१९७८) तिर नै स्थापित रेडियो शिक्षा शिक्षक तालिम आयोजनाले दुर शिक्षाको स्थापना पछि चेत भवनमा स्थिति आफ्नै स्टुडियोबाट हुन थालेको इतिहा पनि पाईन्छ ।

(अर्थात समग्रमा भन्दा शिक्षण सिकाइ प्रक्रियामा सहजीकरण प्रदान गर्न, विभिन्न प्रकृति तथा स्वभावका सिकारु सक्षम सिकाइको पहुँच पुर्‍याउन सिकाइ प्रति सिकारुलाई प्रोत्साहित एवं उत्प्रेरित गर्न सिकारुका व्यवहारहरु विश्लेषण गरी उदेश्यहरुलाई नै व्यावहारमा उतार्न सिकाइ प्रति निरन्तर पृष्ठ-पोषण तथा पूनर्बलन प्रदान गर्न, सिकाइका लागि आवश्यक तरिका तथा प्रक्रिया पद्धति र माध्यमको उपयोग गर्न यी यस्ता शैक्षणिक प्रबिधि आजको सूचना तय प्राविधिक युगमा अत्यन्त महत्वपूर्ण मानिन्छ ।) लेखक शिक्षाबिद् हुनुहुन्छ । किनकी नेपाल प्रज्ञा प्रतिष्ठानबाट लेखक एवं साहित्यकारको परिचय प्राप्त पत्र गर्नु भएको छ ।

# सुशासनको दृष्टिमा ह्रासोन्मुख र बिटुलिँदो प्राकृतिक स्रोत

## सहभागितामूलक, सहमतिमुखी, जवाफदेही, उत्तरदायी, पारदर्शी, प्रभावकारी, कुशल, समतामूलक, र समावेशिताका पक्षहरू निहित भएको सुशासनको प्रवर्द्धन गर्नु आजको मूल आवश्यकता हो




– रघुनाथ अधिकारी
"निलमशेखर"

मेसिनचालित विकासको असर

मेसिनचालित विकासको बाह्य तरङ्गमा जोडिन पुगेको नेपालको विकास प्रक्रियाको पार्श्र्ववर्ती असर (साइड इफेक्ट) स्वरूप हालैका वर्षहरूमा अव्यवस्थित बसोबास तीव्र बनेको छ । फलतः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बसाइँसराइका साथै बढ्दो सहरीकरणको प्रक्रियाले गाउँ रित्तिँदै छ भने सहर भरिँदो अवस्थामा छ । तुलनात्मक रूपमा विगतमा निश्चित प्राकृतिक स्रोत र सम्पदाले थेग्न सक्ने (क्यारिङ क्यापासिटी)का आधारमा कुनै निश्चित स्थानमा मानव बसोबास हुने गर्दथ्यो । तर, हाल मेसिनचालित विकासको युगमा मानिस अन्यत्रको प्राकृतिक स्रोत र साधन ओसारेर सहरमा बस्न रुचाउने भएकोले सहरीकरणको नाममा अव्यवस्थित बसोबास तीव्र बन्दै गएको छ।

हाल नेपालमा ६ वटा महानगरपालिका र ११ वटा उपमहानगरपालिकालाई मुख्य र २७६ नगरपालिकाहरूलाई नवोदित सहरका रूपमा लिने हो भने अन्य गाउँपालिकाहरूमा समेत सानै आकारमा भए पनि सहरीकरणको प्रारूप सुरु भइसकेको छ । खासगरी यातायात, शिक्षा, स्वास्थ्य, विद्युत, सञ्चारलगायतका कतिपय पूर्वाधारहरूमा नाफाको उद्देश्यले हुने निजी क्षेत्रकै लगानी अव्यवस्थित बसोबासको मूल कारणमध्ये एक हो । मेसिनचालित विकासको प्रक्रियाअन्तर्गत सहरीकरणको अनिवार्य सर्त भनेको चक्रेटोका लागि उपयुक्त हुने भूबनोट भएको स्थान हुनु हो । यसर्थ, अहिलेको बसोबास पहाडबाट तल झरी बेँसी, उपत्यका वा तराई मधेसमा ओर्लिएको छ। त्यसै पनि समथर भूभाग सडक पूर्वाधार र सहज आवागमनका निम्ति उपयुक्त स्थान हो । अर्कोतर्फ यदि पहाडबाट पहाडमै र मधेसबाट मधेसमै बसाइँ सर्ने गरेको हो भने त्यो अवस्थामा पनि सामान्यतः गाउँबाट सहरतर्फ नै बसाइँ सरेको हुने गर्दछ। यो प्रक्रिया आगामी दिनमा अझ तीव्र बन्दै जाने देखिन्छ । साबिकमा सानो आकारको जनसंख्या हुँदा प्रकृति र मानिसका बिचमा सामञ्जस्यता रहेको पर्यावरणीय चक्र हाल आएर एकाएक थुप्रिन पुगेको ठूलो आकारको जनसङ्ख्याका कारण खल्बलिन पुगेको छ। हाल प्राकृतिक स्रोत ह्रासोन्मुख अवस्थामा पुग्नु वा बिटुलिनु मेसिनचालित अव्यवस्थित विकासको नकारात्मक प्रतिफल हो । यसका कारण मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नुका साथै नवीन प्रकारको द्वन्द्व निम्तिएको छ । यो अवस्थाको यथार्थ पहिचान गरी सुशासनको प्रवर्द्धन गर्नु वर्तमानको ज्वलन्त कार्यभार पनि हो ।

अव्यवस्थित बसोबास र बिटुलिँदो प्रकृति



जमिनमाथि पर्न गएको विकासको अव्यवस्थित दबाब हेर्दा कुनै एक स्थानमा झुरुम्म परेका बाक्ला घरहरू, कहीँ कहीँ पहाड कपेर बनाएका घरहरू, खोला किनार वा कमजोर भूबनोट भएका स्थानको बसोबास बाढी र भूकम्पका कारण बढी जोखिमपूर्ण हुनु । एकआपसमा जोडिएका, अँध्यारा र चिसा घरहरू, गाडी आवतजावत गर्न मुस्किल पर्ने साँघुरा गल्ली र बाटाहरू, ट्राफिकजाम, यत्रतत्र विद्युत इन्टरनेट टेलिफोन र टेलिभिजनका तुर्लुङ्ग छिनेका र झुन्डिएका तारहरू, सडकका किनारमा प्लास्टिक र प्लास्टिकको डेड कागजहरू यत्रतत्र छरिएको हुनु अव्यवस्थित सहरीकरणका केही लक्षणहरू हुन् । यसैगरी, न त बालबालिकाका निम्ति खेल्ने चौरहरू नै छन् न त पार्कहरू। ज्येष्ठ सदस्यहरू बसेर सुखदुःखका कुराकानी गर्ने परम्परागत फलैँचा वा आधुनिक सामुदायिक घर नै छ।

रूख बुटा र हरियाली सहरको केन्द्रबाट परिधीय क्षेत्रमा धकेलिनु, धुवाँ र तुवाँलोका पत्रहरूले ढाकेको सहर अझ काठमाडौँ उपत्यकालाई भन्ने हो भने 'धुम्रधुली कुण्ड'भन्दा फरक नपर्ने हुनु, जोडिएका वा अति बाक्ला घर भएकाले होहल्ला र अनेक प्रकारको ध्वनि प्रदूषणका कारण जीवन कोलाहलपूर्ण बन्दै गएको छ । मेसिन र विद्युतीय यन्त्रहरूबाट निस्किएको कोलाहलपूर्ण आवाजले ध्वनि प्रदूषणका कारण श्रवणशक्तिमा ह्रास हुनुका साथै अनेक प्रकारका शारीरिक तथा मानसिक स्वास्थ्य समस्या देखापरिरहेका छन् । अर्कातर्फ कृत्रिम संरचनामा जडित प्रकाश परावर्तक (रिफ्लेक्टिव) सामग्रीका कारण आँखा खोलेर हेर्नै नमिल्ने भएको छ। प्रकाशको प्रदूषणका कारण हाम्रो इतिहास र उपन्यासमा वर्णित रात्रिको सौन्दर्यको मोहकता साथै प्राकृतिक रात्रि जीवन पनि मानौँ समाप्त भएको छ।

भूमि वा जमिनलाई नाफाको वस्तु बनाइँदा बसोबास जे-जस्तो होस् जमिनका बिचौलियाहरूका लागि नाफा हुनु पहिलो सर्त हो । सहरभित्र अब बाँझो वा पर्ती जमिन, खाल्डो, ढिस्को, थुम्को, कान्लो, होचो, दह परेको, चौर, खेतबारीका फाँटहरू, खोल्सो वा बगर, कतै केही झुरुम्म रूख र बुटाहरू भएको उद्यान वा बगैँचा, फूलबारी, करेसाबारीजस्ता जमिनका यी सबै स्वरूपहरू निरन्तर रूपमा कङ्क्रिटका जङ्गलमा परिणत भइरहेका

- बाँकी पृष्ठ ६ मा



सेभ द चिल्ड्रेन सेभ द सप्तरीको सहयोगमा सप्तरीको तिलाठी कोइलाडी गाउपालिका-७ मंसपुरमा कमलेश्वरी कृषक समूहलाई निःशुल्क प्रदान गरिएको रु २ लाख ५५ हजार मूल्यबरावरको पावर टेलर ट्र्याक्टर । तस्बिर : अरूणकुमार यादव/रासस

# आयात नरोकिँदा नेपाली औषधि उद्योग मारमा

चितवन, १४ पुस

आयात नरोकिँदा नेपाली औषधि उद्योग मारमा परेका छन् । नेपाललाई आवश्यक पर्ने ७० प्रतिशत औषधि यही उत्पादन गर्न सकिने भए पनि आयात नरोकिँदा उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । नेपालमा एक सय २५ औषधि उद्योग दर्ता भएका छन् । जसमध्ये ८३ उद्योगका औषधि बजारमा आइसकेका छन् । नेपाल औषधि उत्पादक सङ्घका महासचिव विप्लव अधिकारीका अनुसार नेपालमा एउटा औषधि पाँच उद्योगले उत्पादन गरेकालाई आयात रोक्दा मात्रै पनि दुई सयभन्दा बढी प्रकारका औषधि रोकिन्छन् । उनको भनाईमा २० वर्षअघि बङ्गलादेशले दुई कम्पनीले उत्पादन गरेका औषधि विदेशबाट आयातमा रोक लगाएको थियो । जसको नतिजास्वरुप अहिले बङ्गलादेश आत्मनिर्भर मात्रै होइन, निर्यातमा पनि अग्रणी बनेको छ । भारत लगायतका देशले पनि आफू आत्मनिर्भर भएका औषधि आयातमा रोक लगाउने गरेको अधिकारीले बताउनुभयो । विश्व बजारमा पहिलो चीन र दोस्रो भारत सबैभन्दा बढी औषधि उत्पादन गर्ने मुलुक भएको व्यवसायी बताउँछन् । यसअघि तत्कालीन स्वास्थ्यमन्त्री गगन थापाले ३० प्रकारका औषधि आयातमा प्रतिबन्ध लगाउने निर्णय गरे पनि कार्यान्वयन नभएको अधिकारी बताउछन । उनले भने "सरकारले उद्योग बच्ने गरी निर्णय गर्नुपर्छ ।"नेपालमा पाँचवटा उद्योगले उत्पादन गरेको औषधि आयातमा प्रतिबन्ध लगाएमा दुई वर्षभित्रमा ९५ प्रतिशत आत्मनिर्भर हुने अधिकारीको भनाइ छ । अहिले बनाउन सक्ने क्षमताको



हिसाबले ७० प्रतिशत र बजारको हिसाबले ४५ प्रतिशत आत्मनिर्भर भएको उनी बताउछन । अधिकारीले भने ,"आयात रोक्न सकियो भने अहिले नै हामी ७० प्रतिशत आत्मनिर्भर हुन्छौँ ।"विसं २०७४ मा ५० उद्योग मात्रै रहेकामा त्यसपछिका वर्ष एकाएक उद्योग थपिएका हुन् । अधिकारी थपिएका सबै उद्योगलाई एउटै औषधि उत्पादनको अनुमतिको सट्टा फरक-फरक औषधि उत्पादनको अनुमति दिनुपर्ने बताउछन । सङ्घका निवर्तमान अध्यक्ष डा जीनारायणबहादुर क्षेत्री आवश्यकभन्दा दोब्बर औषधि उत्पादन गर्न सकिने क्षमता उद्योगमा रहेको बताउछन । औषधि उद्योगमा मात्रै रु ५० अर्बभन्दा बढी लगानी भइसकेको उल्लेख गर्दै उनले उद्योगको पक्षमा सरकार हुनुपर्ने बताए । नेपालमा खपत हुने आधाभन्दा बढी औषधिमध्ये ९० प्रतिशत भारतीय आउने गर्दछ । दश प्रतिशत बङ्गलादेशलगायत देशबाट आयात गर्ने गरेको क्षेत्री बताउछन । क्षेत्रीका अनुसार एक वर्षमा रु ३० देखि रु ४० अर्ब औषधिका लागि विदेशिने गरेको छ । नेपाली औषधि उद्योगले रु ३० अर्ब हाराहारीको व्यापार गर्ने गरेका छन् । नेपालमा पर्याप्त उत्पादन भइरहेका औषधिको आयात तत्काल रोक्नुपर्ने उनी बताउछन । उद्योग स्थापनाका लागि आवश्यक पर्ने सामग्रीमा भन्सार छुट, सरल व्याजदरमा ऋण, विशिष्टकृत औषधिको उत्पादन गर्नेलाई प्रोत्साहन, अनुसन्धानमा सरकारी लगानी हुनु पर्ने क्षेत्रीको भनाइ छ । नेपाली उत्पादन अन्तर ाष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने उहाँ बताउछन । सरकारले सहयोग गरेमा नेपाली उत्पादनले नेपाललाई मात्रै नभएर विदेशमा समेत पुर्‍याउन सकिने क्षेत्रीको भनाई छ । पच्चीस वर्ष पहिला क्षेत्रीको नेतृत्वमा गैंडाकोटमा स्थापना गरिएको टाइम्स फर्मासिटिकल्स प्रालिले विदेशमा औषधि निर्यात गर्न लागेको भन्दै उनले सहज वातावरण बनेमा सबै उद्योगले निर्यात गर्नसक्ने बताए । अहिलेसम्म नेपालमा खोपबाहेकका औषधि उत्पादन हुँदै आएका छन् । उत्पादनमा कठिन हुने औषधिसमेतयहीउत्पादनगरेरदेशलाई आत्मनिर्भरतर्फ लैजानुपर्ने क्षेत्रीको भनाइ छ । मुटु, क्यान्सरलगायतका रोगका औषधिसमेत यही उत्पादन हुन थालेको छ । पछिल्लो समय ठूलो लगानीमा खुलेका उद्योग आयात नरोकिए धरासायी हुने क्षेत्री बताउछन । उनले भने , "सरकार निजी क्षेत्रमैत्री हुन नसक्दा उद्योग धरासायी हुने अवस्थामा पुगेका छन् ।" चर्को ब्याजदर र विदेशी कम्पनीसँग अस्वस्थ प्रतिस्पर्धाको मारमा नेपाली उद्योग रहेको उहाँको भनाइ छ ।रासस

# उद्योग सञ्चालनका लागि सहकारीद्वारा जडीबुटी खेती

झापा, १४ पुस

महेन्द्रद्वार सहकारी संस्थाले सञ्चालनमा ल्याएको सनराइज हर्बल उद्योग सञ्चालनका लागि आफैँ जडीबुटी खेती सुरु गरेको छ । उद्योगलाई प्रशोधनका लागि चाहिने कच्चा पदार्थ उत्पादन गर्ने उद्देश्यले सहकारीले प्रदेश नं १ सरकारको सहयोगमा जडीबुटी खेती सुरु गरेको हो । सहकारीले विसं २०७७ मङ्सिरदेखि रु एक करोड लगानीमा मेचीनगर नगरपालिका-८ मा उद्योग सञ्चालनमा ल्याएको हो । पर्याप्त कच्चा पदार्थको अभावमा हप्ता दुई दिनमात्र उद्योग चल्ने गरेको सहकारी सञ्चालक समितिका अध्यक्ष राजु दाहालले बताए । उनका अनुसार उद्योग सञ्चालनका लागि प्रदेश सरकारबाट रु ७५ लाख अनुदान प्राप्त भएको छ । औषधिजन्य पदार्थको खेतीका लागि चालु आर्थिक वर्षमा कुल रु ५० लाखमा ७५ प्रतिशत सरकारको अनुदान र २५ प्रतिशत सहकारीको लगानी हुने भएको छ । उद्योगमा औषधिजन्य कच्चा पदार्थ तेजपत्ता, लेभन ग्रास, सिटोनेला, हर्दी, निम, बकाइनो, मसला, तुलसी बाबरीलगायतका कच्चा पदार्थ प्रशोधन भइरहेको उनले बताए । सहकारीका सदस्यले उत्पादन गरेका औषधिजन्य कच्चा पदार्थ उद्योगले खरिद गर्दै आएको छ



। तर उद्योगलाई चाहिने पर्याप्त कच्चा पदार्थ उत्पादन गर्न नसक्दा पूर्णरूपमा सञ्चालनमा आउन सकेको छैन । अध्यक्ष दाहालले दैनिक उद्योगमा दुई मेट्रिक टन कच्चा पदार्थ प्रशोधन गर्ने क्षमता रहेको बताए । पछिल्लो समय कृषि क्षेत्रलाई प्राथमिकता दिएर अघि बढिरहेको सहकारीले चालु आवबाट औषधिजन्य बिरुवा रोपण सुरु गरेको छ । सहकारीले हात्ती प्रभावित क्षेत्र मेचीनगर-१, ४, ५ र ६ नं वडाको दशगजा क्षेत्रमा सदस्य किसानको खेतबारीमा बिरुवा रोपण सुरु गरेको छ । दुई वर्षभित्रमा एक सय बिघा जमिनमा सिटोनेला, लेवन ग्रास र तेजपत्ता लगाउने अभियानमा अघि बढेको सहकारीले हाल ३० बिघा क्षेत्रमा सिटोनेला र लवनग्रास प्रजातिका बिरुवा रोपिसकेको उनले बताए । विगतमा छिमेकी जिल्ला इलामबाट तितेपाती र पाँचथरबाट धसिङ्गे खरिद गरेर ल्याउन गरेता पनि ढुवानी खर्च महँगो परेका कारण अहिले ल्याउन नसकिएको उनले बताए । उनले भने , "हामीसँग दुई हजार दुई सय सेयर सदस्य छन् । उनीहरुलाई नै जडीबुटीको खेती गर्न लगाउन थालेका छौँ । यसो गर्दा सेयर सदस्यको जीविकोपार्जन गर्नका लागि आम्दानी पनि हुन्छ, उद्योगलाई चाहिने कच्चा पदार्थको समेत अभाव हुँदैन ।"सहकारीले सदस्यहरूको खेतमा रोपिएको औषधिजन्य वनस्पति प्रतिकिलो रु आठमा खरिद गर्ने सदस्य र सहकारीबीच सम्झौता भइसकेको उनको भनाइ छ । उनले किसानले रोपण गरेको औषधिजन्य पदार्थ लगाएको तीन महिनापछि आम्दानी दिने बताए । उनका अनुसार एक बिघा जमिनमा लगाइएको जडीबुटी खेतीबाट एकपटकमा ४० क्वन्टिल कच्चा पदार्थ उत्पादन हुनेछ । उनले कच्चा पदार्थ उत्पादन भएसँगै उद्योगसमेत नियमित सञ्चालनमा आउने बताए । रासस

# उखु, बेसार र अदुवा उत्पादन गर्दै सहकारी



गलकोट, १४ पुस

बागलुङको सृम्रिक कृषि तथा पशु व्यावसायिक सहकारी संस्थाले उखु बिक्री गर्न थालेको छ वर्ष पुग्यो । सहकारीले बागलुङको काठेखोला गाउँपालिका-२ भिमापोखराको दुई स्थानमा १० रोपनी बाँझो जग्गा भाडामा लिएर उखुखेती गर्दै आएको छ । सहकारी संस्थाले अहिले प्रतिवर्ष १५ देखि २० क्विन्टल उखु बिक्री गर्दै आएको छ । यस वर्षको उखु प्रतिकेजी रु १५ का दरले बिक्री गरिएको सहकारीका अध्यक्ष चुडामणि उपाध्यायले जानकारी दिए । संस्थाले बागलुङ नगरपालिका-४ कुडुँलेमा दुई रोपनी जग्गा भाडामा लिएर बेसार खेती र बागलुङ नगरपालिका-७ तितौरैमा दुई रोपनी जग्गामा अदुवा खेती गर्दै आएको छ । कतिपय सहकारीहरू उद्देश्यअनुरुप नचलेको सन्दर्भमा सृम्रिक कृषि तथा पशु व्यावसायिक सहकारी संस्थाले थोरै लगानीमा भए पनि उखु, बेसार र अदुवा खेती गरेको छ । "सहकारीको सानो प्रयासमात्रै भएको छ, बजारीकरणका लागि उखु र बेसार पेल्ने औजार खरिद गरेका छौँ, सेयर सदस्य किसानले समेत उत्पादन गरेको उखु, बेसार र अदुवा पिसेर ब्राण्डिङ गरेर बिक्री गर्ने सहकारीको लक्ष्य छ", अध्यक्ष उपाध्यायले भने ,"उत्पादन गर्ने क्षमता बढाउँछौँ, किसानको उत्पादनलाई समेत खरिद गर्नेछौँ र सहकारीको नामबाट बजारीकरण गर्ने हाम्रो लक्ष्य हो ।"संस्थाले सेयर सदस्यलाई समेत व्यावसायिक उत्पादनमा जोड दिनका लागि सापटमा बेसारको बीउसमेत उपलब्ध गराउँदै आएको सहकारीका कोषाध्यक्ष तथा अगुवा कृषक जग्गन्नाथ सापकोटाले बताए । उनले उत्पादन भइरहेको बेसारलाई बीउका रूपमा सेयर सदस्यलाई सापटी दिइएको छ भने अहिले उत्पादन भएको बेसारलाई खनेपछि बिक्री गर्ने लक्ष्य सहकारीको छ । "गत वर्ष पाँच क्विन्टल बेसार उत्पादन भएको थियो, केही किसानलाई बीउको रूपमा वितरण गरियो, अहिले पानी परेपछि बेसार खन्ने तयारीमा छौँ, सापकोटाले भने । उनले पाँच केजी अदुवाको बीउ दिएको कृषकलाई उत्पादनपछि छ केजी फिर्ता गर्नेगरी किसानलाई प्रवर्द्धन गरिरहेको बताउँदै सापकोटाले सेयर सदस्य किसानको उत्पादनलाई बजारीकरण समेत गर्न सहयोग गरिरहेको बताए । कोषध्यक्ष सापकोटाका अनुसार सहकारी संस्थाको सेयरपूँजीको ४० प्रतिशतभन्दा बढी लगानी व्यावसायिक उत्पादनमा लगाउने गरी सहकारी अगाडि बढेको छ । हाल सहकारीमा सात सय ७३ सेयर सदस्य रहेका छन् भने रु एक करोड ३३ लाख सेयरपूँजी रहेको छ । सहकारीले २०७५ सालबाट भिमापोखरामा उखुखेती गरेको छ भने दुई वर्षदेखि कुडुँलेमा बेसार र तितौरैमा अदुवा खेती गरिरहेको छ । सहकारीले साधारणसभाको अवसरमा सेयर सदस्यलाई तरकारी खेती गर्नका लागि निःशुल्क बीउ वितरण गर्दै आएको छ । सहकारीले कृषिप्रति आकर्षण गराउनका लागि विभिन्न स्थानमा पुगेर कृषि मेला प्रदर्शनी गर्ने कृषि ज्ञान केन्द्रसँग मिलेर धान दिवस मनाउने, सहुलियत मूल्यमा संस्थाबाट नियमित बीउ बिक्री गर्ने र सेयर सदस्यले पालेको पशुको निःशुल्क गोबर परीक्षण र औषधि वितरणसमेत गर्दै आएको छ ।रासस

# किसान सुन्तला खेतीतर्फ आकर्षित

उदयपुर, १४ पुस

लामो समयसम्म अवैध गाँजा खेती हुँदै आएको उदयपुरको पश्चिमी पहाडी गाउँपालिका ताप्लीमा किसानले सुन्तला खेती अभियान सञ्चालन गरेका छन् । किसानले व्यावसायिकरुपमा सुन्तला खेती थालेपछि केही वर्षयता उनीहरुले यसबाट मनग्य आम्दानी गर्न थालेका छन् । यस वर्ष पनि ताप्लीको ओख्ले, पिपलभन्ज्याङ, रुपाटार, इनामे, मादले र ठानागाउँ क्षेत्रमा रु दुई करोडभन्दा बढीको सुन्तला उत्पादन भएको ताप्ली सुन्तला जोन क्षेत्रका संयोजक तथा व्यावसायिक सुन्तला उत्पादक कृषक टोपबहादुर ठकुरीले जानकारी दिए । विसं २०५० देखि नै ताप्लीमा सुन्तला खेती थालिए पनि २०६० सालदेखि व्यावसायिक रुपमा सुन्तला उत्पादन गर्न थालिएको ओख्लेका ज्ञानबहादुर ठकुरी बताउछन । "अहिले ताप्ली जिल्लाकै उत्कृष्ट सुन्तला जोन क्षेत्र बन्न सफल भएको छ", उनले भने । जिल्ला कृषि ज्ञानकेन्द्रका अनुसार जिल्लामा अहिले झण्डै दुई सय ५८ हेक्टरमा सुन्तला खेती हुँदै आएको छ । ताप्ली क्षेत्रमा मात्रै एक सय ८० हेक्टरमा सुन्तला खेती विस्तार गरिएको ज्ञानकेन्द्रका प्रमुख महेश चौधरी बताउछन ।"सुन्तलाकै कारण यस क्षेत्रका किसानको आर्थिक अवस्थामा सुधार आएको छ", उनले भने । ताप्लीकी उपाध्यक्ष धना मगर केही वर्षयता यस क्षेत्रमा वार्षिक झण्डै दुई हजार चार सय मेट्रिक टनसम्म सुन्तला उत्पादन हुने गरेको तथ्याङ्क रहेको बताउछन । "अन्य अन्नबाली उत्पादन पर्याप्त हुँदैन, सुन्तलाका लागि नै यो क्षेत्र उपयुक्त छ । गाउँपालिकाले जनताको आर्थिकस्तर उकास्न सुन्तला जोन क्षेत्र घोषणा गरी घरघरमा सय बोट सुन्तला हुर्काउने अभियान सञ्चालन गरेको छ", उनले भने । ताप्ली पिपल भञ्ज्याङका बीर्खबहादुर राई यस क्षेत्रमा व्यावसायिक सुन्तला उत्पादन गर्ने कृषकको आर्थिक अवस्थामा सुधार हुँदै गएको बताउछन । कृषि ज्ञानकेन्द्रका उदयपुरका अनुसार रौतामाई र लिम्चुङबुङ गाउँपालिकामा समेत सुन्तला खेती विस्तार गरिँदैछ । रासस

# च्याउखेतीबाट राम्रो आम्दानी गर्दै ऋषिराम

घोराही, १४ पुस

घोराही उपमहानगरपालिका-१८ निवासी ऋषिराम चौधरीका लागि च्याउखेती आम्दानीको स्रोत बनेको छ । च्याउखेतीबाट घरमै बसेर राम्रो आम्दानी हुन थालेपछि चौधरीले लगानीसमेत बढाउँदै लगेका छन । सामुदायिक वनका क्षेत्रमा काम गर्दै गर्दा १७ वर्षअघि २०६२ साल मङ्सिरदेखि च्याउखेती सुरु गरेका चौधरीले २०७२ सालदेखि अम्बिकेश्वरी च्याउ उद्योग दर्ता गरेर व्यावसायिक रुपमा च्याउखेती सुरु गरेका हुन । छ प्याकेट च्याउको बिउबाट सुरु भएको व्यवसायमार्फत् अहिले वार्षिक रु १० देखि १२ लाखको च्याउ उत्पादन गर्दै आएका छन । तत्कालीन समयमा उनले दुई हजार पाँच सय सय मात्रै लगानी गरेका थिए ।

"विगत १७ वर्षदेखि म निरन्तररुपमा यही पेसामा छु", उनले भने , यसबाट राम्रो आम्दानी भएको छ । करिब दश वर्षअघि च्याउको बजार कम भए पनि पछिल्लो समय बढ्दै जाँदा च्याउखेतीमा लाग्ने व्यवसायीसमेत थपिँदै गएको बताए । उनले दैनिक करिब ४०/५० केजी बराबरको च्याउ उत्पादन गर्दै आएका छन । उत्पादन भएको च्याउ जिल्लाभित्रै खपत हुने उनको भनाइ छ । यसअघि रोल्पा, प्यूठान, बुटवललगायतका ठाउँमा जाने गरेको भए पनि अहिले



जिल्लामै खपत हुने गरेका छ । जिल्लामा सुगर, प्रेसरलगायतका बिरामीले खान मिल्ने र मासुको विकल्पमा पनि च्याउको प्रयोग बढेपछि जिल्लामा च्याउको माग बढ्दै गएको उनको भनाइ छ । च्याउखेतीका लागि दुई वटा टनेल निर्माण गर्नुभएका चौधरीले अर्ग्यानिक च्याउ उत्पादन गर्ने गरेको बताए । च्याउबाट राम्रो आम्दानी लिन सकिने भए पनि जिल्लामा गुणस्तरीय बिउ नपाउँदा व्यवसायी समस्यामा परेको उनले गुनासो गरे । चौधरीलेकाठमाडौँकोकालिमाटीबाट च्याउको बिउ ल्याउछन । उत्पादन भएको च्याउ बिक्री नभए सुकुटी बनाएर बिक्री गर्ने गरेको उनले बताए । च्याउलाई सुकुटी बनाएर बिक्री गर्नका लागि मेसिनसमेत ल्याएका छन । सुकुटी बनाएको च्याउ प्रतिकेजी रु दुई हजारसम्म बिक्री हुने गरेको चौधरीले बताए । "च्याउ नबिक्ने समस्या छैन । तर कहिलेकाहीँ बिक्री भएन भने सुकुटी बनाउने गरेको छु", चौधरीले भने "च्याउ प्रतिकेजी रु एक ९० देखि दुई सयसम्म बिक्री हुने गरेको छ भने सुकुटी प्रतिकेजी दुई हजारसम्म बिक्री हुने गर्दछ ।"उनका अनुसार भदौ महिनादेखि फागुनसम्म च्याउबाट राम्रो आम्दानी लिन सकिन्छ

गत असोजमा परेको वर्षाका कारण रु एक लाख बरावरको घाटा व्यहोर्नुपरेको उनको भनाइ छ । लगातार परेको पानीका कारण बिक्री गर्न नपाएकाले कुहिएर गएको बताउछन । अझ व्यवसायलाई फराकिलो बनाउनका लागि हालसम्म कहिकतैबाट आफूले अनुदान पाए सहज हुने बताए । अहिले पनि विचौलियाका कारण वास्तविक किसानले अनुदान नपाउने समस्या रहेको गुनासो गरे । रासस

# एमालेको ५ प्रदेश नेतृत्वमा दाबी, ३ मा निश्चित




मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाएर आफ्नो पक्षमा पारेका नेकपा एमालेले चारवटा प्रदेश सरकारको नेतृत्वमा दाबी गरेका छन ।
एमालेले चार वटा प्रदेश सरकार नेतृत्वमा दाबी गरेपनि शीर्ष तहमा औपचारिक रूपमा कुन प्रदेश कसले पाउने भन्ने टुंगो भने लागिसकेको छैन ।
एमाले उपाध्यक्ष सुवास नेम्वाङले लगभग एमालेले लिने प्रदेश प्रष्टै रहेको भन्दै स्थायी कमिटी सदस्य संसदीय दलको नेता भएका ठाउँमा माओवादीको दाबी नरहने बताए । उनले वागमती र लुम्बिनीमध्ये एमाले तथा माओवादीले एक-एकवटा प्रदेश लिनेछ । तीनजना एमालेका स्थायी कमिटी सदस्य प्रदेशमा चुनाव लडेका थिए । तिनीहरु दलको नेतामा पनि चयन भइसकेको छ । तीमध्ये हिक्मत कार्की प्रदेश १ मा, खगराज अधिकारी गण्डकी र यामलाल कँडेल कर्णालीमा रहेका छन् ।
यी नेता मुख्यमन्त्री बन्ने तय भइसकेको र यसमा शीर्ष तहमै टुंगो लागिसकेको छ । तर औपचारिक निर्णय हुन बाँकी रहेको नेम्वाङले बताए । एमालेले यी तीन प्रदेशबाहेक वागमती वा लुम्बिनीको नेतृत्वमा पनि दाबी गरेका छन ।
यसपटक उत्कृष्ट नतिजा दिने प्रदेशमध्ये वागमतीभन्दा लुम्बिनी रहेकाले एमालेको स्थानीय नेतृत्वले लुम्बिनीको दावी गरेको छ । तर संघीय राजधानी समेत रहेको प्रदेश भएकाले एमालेको दावी वागमतीमा पनि यथावतै राखेका छन् ।
बागमति संसदीय दलमा चितवनका जगन्नाथ थपलिया सर्वसम्मत चयन भइसकेका छन् । लुम्बिनीमा एमालेका सिनियर नेतामध्ये रुपन्देहीका लीला गिरी नै मुख्यमन्त्रीका दाबेदार हुन् । बागमतिमा माओवादीबाट शालिकराम जमरकट्टेल, सरल सहयात्री र युवराज दुलाल पनि दाबेदार छन् ।
लुम्बिनीमा प्रचण्डको प्रमुख स्वकीय सचिव रहिसकेका नेता जोखबहादुर महरा दाबेदार छन् भने ओली र प्रचण्डकै तहमा छलफलपछि वागमति र लुम्बिनीको टुंगो लाग्ने नेताहरुले बताएका छन् ।
यसबाहेक माओवादीले सुदूरपश्चिमको पनि नेतृत्व पाउनेछ । मधेस प्रदेशमा भने पेचिलो अवस्था रहेको छ ।
मधेश प्रदेशमा जसपा र जनमत पार्टीको आधार क्षेत्र भएकलो दुवैले मुख्यमन्त्री दाबी गरेका छन् । सत्ता गठबन्धनमा यसबारे सहमति गरेर आलोपालो हुनसक्ने सम्भावना छ । यद्यपी ठूलो दल भएको र मधेसमा एमालेलाई पहिलो बनाएका कारण आफूहरूले नेतृत्व पाउनुपर्ने एमाले नेता तथा प्रदेश सभा सदस्य रामचन्द्र मण्डलले बताएकाछन ।
एमालेले मुख्यमन्त्री लिएका प्रदेशमा गठबन्धनका अन्य दलले सभामुख पाउनेछन् भने गठबन्धनका अन्य दलले मुख्यमन्त्री पाएका ठाउँमा एमालेले सभामुख पाउनेगरी बाँडफाँडको तयारी भइरहेको एमालेका एक नेताले बताएका छन ।

# मधेशमा जाडो बढ्दा जनजीवन कष्टकर

राजविराज, १४ पुस
तराई-मधेशमा दुई/तीन दिनदेखि एक्कासि बढ्दै गएको चिसो हावाका कारण जाडो बढ्दा जनजीवन कष्टकर बन्दै गएको छ । एक्कासि वातावरणमा परिवर्तन आएर चिसो हावासँगै शीतलहरसमेत बढेकाले तराई-मधेशका जिल्लामा जाडो बढेको हो । तराई क्षेत्रमा बढ्दै गएको शीतलहरले मानवजीवनसँगै घरपालुवा जनावरलाई पनि असर पारेका कारण कष्टकर देखिएको छ । बाक्लो हुस्सु लागेका कारण घाम लाग्न छाडेपछि तराईमा चिसो बढेको हो । एक-दुई दिनदेखि एक्कासि बढेको चिसोका कारण बालबालिका, वृद्धवृद्धा र विपन्न पारिवार बढी प्रभावित भएका छन् । चिसोले गर्दा बालबालिकालाई विद्यालय जान समस्या हुन थालेको राजविराजस्थित केअ मावि कक्षा ७ मा अध्यनरत प्रियंका साहले गुनासो गरे । बाक्लो कुहिरो लागेका कारणले पूर्व-पश्चिम राजमार्ग र सहायक मार्गका सडकमा आवतजावत गर्ने सवारी चालकले बाटो हेर्न नसकेर सडक दुर्घटना हुने खतरासमेत बढेको चालक बताउँछन् । दिउँसोको समयमा अलिअलि घाम लागे पनि बिहान र बेलुकाको समयमा अत्यधिक चिसो हुने गरेको छ । चिसोले गर्दा मानिस बिरामी पर्न थालेका छन् । जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले चिसोबाट बालबालिका र वृद्धवृद्धामा बढी असर परेको बताए । यस्तै गजेन्द्रनारायण सिंह अस्पतालका मेडिकल सुप्रिण्टेण्डेन्ट डा प्रकाश साहले जाडोबाट बढी मात्रामा दमका रोगी, वृद्धवृद्धा र बालबालिकालाई सताउने गरेको जनाउँदै अहिले अस्पतालमा त्यस्ता बिरामीको चाप नरहेको बताउनुभयो । उनले भने "अहिले त जाडो भर्खर सुरु भएको छ, चिसोसँगै बिरामीको चाप बढनसक्छ ।"त्यस्तै स्थानिय प्रशासनले चिसोबाट बच्न आगो ताप्दा सावधानी अपनाउन आग्रह गरेको छ । आगोबाट ठूलो क्षतिसमेत हुनसक्ने भएकाले सबैलाई सचेत रहनसमेत आग्रह गरिएको छ । बाक्लो हुस्सु लागेका बेला सवारी चलाउँदा र यात्रा गर्दा सावधानी अपनाउन जिल्ला ट्राफिक प्रहरीले आग्रह गरेको छ ।रासस

## मधेशमा जसपा र ..................

आलोपालो गरी नेतृत्व दिने कुरा भईरहेपनि माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी सरकारमा आए यो सहमतिमा फेरबल पनि हुनसक्छ ।सत्ता सत्ता गठबन्धन मधेश प्रदेशमा सरकार गठन गर्न चाहिने न्यूनतमभन्दा बढी सिट पुगेको अवस्था रहेको भए पनि जसपा र जनमत दुवैको दाबेदारी रहेको कारण सरकारको नेतृत्वबारे अझै टुङ्गो लागेको छैन ।
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड' नेतृत्वको सरकारलाई समर्थन गरेपनि जसपा सरकारमा सहभागीबारे ' पर्ख र हेर'को अवस्थामा छ । प्रधानमन्त्री प्रचण्डले जसपासहित माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीलाई पनि सरकारमा ल्याउने प्रयास गरेका छन् ।
तर, दुवै दलहरू आन्तरिक गृहकार्यमा जुटिरहेका छन् । जसपा पाँच दलीय गठबन्धन छाडेर चुनावअघि नै एमाले कित्तामा उभिएको थियो । जसपालाई माओवादी र एमाले दुवैको आन्तरिक सहयोग रहेको र जनमतलाई कांग्रेस गठबन्धनबाट सशर्त आफ्नो गठबन्धनमा एमाले ल्याएपछि दुवैलाई आलोपालो गरी नेतृत्वको अवसर दिने तयारी भइरहेको बताइएको छ ।
मधेश प्रदेशमा १ सय ७ सांसद छन् । सरकार निर्माणको लागि आवश्यक ५४ सांसद आवश्यक पर्छ । सत्ता गठबन्धनमा रहेको एमाले, माओवादी, जसपा, जनमत, राप्रपा र नागरिक उन्मुक्ति पार्टी पार्टी मिल्दा सरकार गठनका लागि सुविधाजनक बहुमत ६२ सिट पुग्छ ।
एमालेका मधेस प्रदेश सहइञ्चार्ज सुमनराज प्याकुरेलले गठबन्धन दलको सहमति र समीकरणमा नै प्रदेश सरकार नेतृत्वको टुङ्गो लाग्ने जानकारी दिए । एमाले प्रदेश संसदीय दलको नेता यसै साताभित्र छनोट गर्ने गृहकार्य भइरहेको उनले बताए । सरकारको नेतृत्व जसपा वा जनमतले पाउने प्रबल सम्भावना रहेपनि एमालेमा प्रदेश संसदीय दलको नेता बन्ने आकांक्षी पनि थपिँदै गएका छन् । एमालेभित्र रामचन्द्र मण्डल, सरोजकुमार यादव, राजकुमार लेखी थारु, हरिनारायण महतो, महम्मद समिर र शारदादेवी थापा दलको नेता बन्न आकांक्षी छन् । जसपामा पाँच वर्ष मुख्यमन्त्री रहेका लालबाबु राउत तथा सरोजकुमार यादव, मनिषकुमार सुमन र रामआशिस यादव दलको नेता बन्न आकांक्षी छन् भने जनमतमा सतीशकुमार सिंह, महेशप्रसाद यादव, त्रिभुवन साह, चन्दनकुमार सिंह र वसन्तकुमार कुशवाहा लगायत दलका नेताका लागि आकांक्षी देखिएका छन् ।
यता प्रदेशमा दोस्रो ठूलो दल नेपाली कांग्रेसले दलको नेता छान्न समिति नै गठन गरेको छ । कांग्रेसमा रामसरोज यादव, रामकृष्ण यादव, वीरेन्द्र सिंह, जनार्दन सिंह क्षेत्रीलगायत आकांक्षी छन् । अन्य दल पनि दलको नेता छान्न गृहकार्यमा लागेका छन् ।

## जसपामा दौडधुप..................

गर्ने जसपा नेपालको तयारी रहेको छ । प्रदेशसभा सदस्यहरुको शपथ शुक्रबार हुँदैछ ।
जसपा मधेश प्रदेश समितिका अध्यक्ष रामबाबु यादवले भने पार्टी अध्यक्ष यादव चुनावी समीक्षाका लागि जनकपुर आएको जिकिर गरे । संसदीय दलको नेता चयन गर्ने कार्य अध्यक्षको तर्क गर्दै उनले यसमा प्रदेश सांसदहरुको भूमिका रहेको बताए ।
'चुनावपछि नेताहरुसँग अध्यक्षज्यूले भेटघाट गर्नुभएको थिएन, चुनावमा के कस्तो अवस्था रह्यो त्यसको बारेमा उहाँ छलफल गर्न आउनु भएको हो', अध्यक्ष यादवले भने, 'प्रदेश सभामा शपथग्रहण भइसकेपछि संसदीय दलको नेता चयन गर्ने प्रक्रिया सुरु हुन्छ। तर को नेता बन्ने, को मुख्यमन्त्री बन्ने भन्नेमा पार्टी अध्यक्षले सहमति गराउने प्रयास गर्छ नभए निर्वाचनमा जानेछ ।
आमचुनावमा सरकारसँग जोडेर जसपाको आलोचना हुँदा समग्र निर्वाचन परिणाम नै असर देखिएको थियो । ती सबै कुरालाई ध्यानमा राखेर यसपटक यादवले सतर्कतापूर्वक निर्णय लिने र सोही अनुसार सरकार गठनमा लाग्ने तयारी गरेको नेताहरूको भनाइ छ ।
अध्यक्ष यादवले मधेस प्रदेशका एक-एक नेतासँग छलफल गरेर उनी निष्कर्षमा पुग्ने तयारीमा रहेको बुझिएको छ । संसदीय दलको नेताका लागि सरोज यादव, रामअशिष यादव, मनिष सुमन, लालबाबु राउत, राजु गुप्ताको दौडधूप बाक्लिएको हो ।

## उपराष्ट्रपति बटम लाईन.............

गरेको एक नेताले बताए । उनले दलहरूबिच प्याकेजमै भागबण्डा हुने भएपछि उपराष्ट्रपतिसहित तीन मन्त्री र मधेश प्रदेशको मुख्यमन्त्री पाउनुपर्ने दाबी गरे ।
जसपाका पार्टी प्रवक्ता मनिष सुमनले संघीय सरकारमा जाने वा नजाने निर्णय गर्न पुस १६ गते केन्द्रीय कार्यकारिणी समिति र १८ र १९ गते राजनीतिक समितिका बैठकबाट निर्णय गरिने बताए । उनले सरकारले राख्दै आएको मधेशको मुद्दा सम्बोधन गर्ने परिस्थिति बनेमा सरकारमा सहभागी हुनसक्ने भने ।
तर, संघीय सरकारको दुई मन्त्री र मधेश प्रदेशको मुख्यमन्त्री डा. सिके राउत नेतृत्वको जनमत पार्टीसँग आलोपालो दिने गरी सहमतिको प्रयास भइरहेको छ । ओली र प्रचण्डको आलोपालो प्रस्तावमा अध्यक्ष यादव सकारात्मक बनेका छैनन् ।

## निर्वाचन समिति.......................

निर्वाचन समितिले दलको नेता चयनका लागि निर्वाचनको मिति तय गर्ने बताइएको छ । हुनत यसबीचमा आकांक्षी रहेकाहरुबीच सहमति गराउने प्रयास गरिनेछ, नभए निर्वाचनमा जानेछ ।

# स्वतन्त्र सांसद गरे माओवादीमा प्रवेश



मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
मधेश प्रदेशसभा सदस्यमा स्वतन्त्रबाट निर्वाचित जवाहरलाल कुशवाहा नेकपा माओवादी केन्द्रमा प्रवेश गरेको छ । प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेशसभा सदस्य कुशवाहालाई पार्टीमा भित्र्याएका छन् । अध्यक्ष प्रचण्डले उनलाई फुलमाला र टिका लगाई स्वागत गर्दै पार्टीमा प्रवेश गराए । सर्लाही ३ (१) बाट निर्वाचित कुशवाहा माओवादी अध्यक्ष प्रचण्डको निजी निवास खुमलटारमा गएर प्रवेश गरेका हुन । कुशवाहा प्रवेश गरेसँगै मधेश प्रदेशमा माओवादी केन्द्रका सांसदको संख्या ९ पुगेको छ ।

# सुशासनको दृष्टिमा ह्रासोन्मुख .......................


छन् र प्राकृतिक भूसतहको दृश्यापटलबाट गायब भएका छन् । लाग्छ हजारौं किलोमिटर फैलिएको आकाशलाई केही मिटरमा खुम्च्याइदिएका छन् यी भौतिक संरचनाले । जमिनको मूल्य अकासिएको छ र जमिनका टुक्रा किनबेच प्रक्रियामा भए तापनि परिणाममा राज्यको कुनै लगाम छैन ।
आँगन नभएका घरहरू हुनाले बालबालिकाको हुर्काई बन्द परिवेशमा हुन पुगेको छ । अर्थात् अब ' आउट डोर कल्चर' बाट 'इन्डोर कल्चर'तर्फ समाज जबरजस्त रूपमा हेलिएको छ । ज्येष्ठ सदस्यहरू बसेर सुखदुःखका कुराकानी गर्ने परम्परागत फलैंचा या आधुनिक सामुदायिक घरको सुविधा छैन । भर्खरै आमाबाट छुटाइएका दुधे बाच्छाहरू, अनि आफ्नै आँखाअगाडि आफ्नो सजाति पशुहरू दर्दनाक रूपले मारिएको भयभीत दृश्य अनि पालो पर्खिएर बसिरहेको खसीको कारुणिक उपस्थिति। बाटो छेउमा शौच गराउँदै गरिएका सभ्रान्त, सालीन गल्लीमा सुतिरहेका सर्वहारा वा भुस्याहा कुकुर हरूका दृशय हुन् । हरेक घर छेउछाउमा परम्परागत रूपमा हुर्किएका स्थानीय वा रैथाने वनस्पति र पशुहरूका ठाउँमा आयातीतका कारण लोपोन्मुख बनेको मौलिकता।
परम्परागत रूपमा सभ्यताको केन्द्र मानिँदै आएको सहर अब वातावरणमैत्री विकासको दृष्टिबाट हेर्ने हो भने सभ्यताको विनाशक भएझैं प्रतीत हुन्छ । बजार र नाफाका लागि प्रत्यक्ष रूपमा लाभदायी भएका जीव र वनस्पतिको अति र अप्राकृतिक प्रयोगले जोखिममा परेका छन् भने नाफाको सम्भावना नभएका भने अप्रयोगका कारण लोपोन्मुख अवस्थामा पुगेका छन् । हाम्रो सामाजिक सभ्यता र संस्कृतिका केन्द्रका रूपमा रहेका चौतारी, हिटी, धाराहरू र जैविक विविधताका केन्द्रहरू मासिँदै गएका छन् ।
सीमित स्रोतमा उपलब्ध पानीको असीमित माग धान्न गरिएको अत्याधिक दोहनका बाबजुद हरेक सहरमा पानीको हाहाकार छ । बढ्दो पक्का (कङ्क्रिट) को संरचनाले जमिन ढाकिँदै गर्दा पानीको पुनर्भरण (रिचार्जको प्रक्रिया)घट्दो छ । परिणामस्वरूप भूमिगत जलको सतह लगातार तल तल भासिँदै गएको छ । अर्कातर्फ नेपालको केही क्षेत्रमा आर्टिजनको प्रयोग गरी घरायसी सरसफाइका निम्ति प्रयोग हुने हुँदा यो अमूल्य सम्पदा बेकारमै खेर गइरहेको छ । वन विनाश, अति चरिचरन, सडक निर्माणजस्ता कारणहरूले पनि पानीको पुनर्भरणमा नकारात्मक प्रभाव परेको छ । एकातर्फ पानीको घट्दो स्रोत र अर्कातर्फ प्रदूषणका कारण घट्दो गुणस्तरका कारण पनि स्वच्छ पानीको माग बढ्दो छ । पानी पुनर्भरणीय वा पुननिर्माण गर्न सकिने चिज होइन । पानीको अभावले जीवहरू त प्रभावित छँदै छन् वनस्पति जगतसम्म प्रभावित बन्न पुगेको छ ।
नीतिगत प्रयास कार्यान्वयनमा उदासीनता
यसरी प्राकृतिक स्रोतमाथिको दोहन र प्रदूषणले मानिसको स्वास्थ्यमा नकारात्मक प्रभाव पारिरहेको मात्र हैन यो द्वन्द्वको कारण पनि बन्न पुगेको छ । मानिसलाई शान्तिपूर्ण रूपमा समाजमा मिलेर बस्नका लागि संविधान नीतिनियम र कानुनहरूको निर्माण र परिपालना गर्ने गरिन्छ । प्राकृतिक स्रोत र साधनको समुचित प्रयोगका लागि नेपालको संविधानको धारा ३० मा 'स्वच्छ वातावरणको हक', धारा ५१(च)मा 'विकाससम्बन्धी नीति'(छ) मा 'प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी नीति' धारा ५७ 'राज्य शक्तिको बाँडफाँडसम्बन्धी नीति'को व्यवस्था छ । अर्कातर्फ नेपालको संविधानको अनुसूची संघको अधिकार सूचीको क्र.सं.११, १४, १९, २०, २३, २६, २७, र २९ यसैगरी अनुसूची छ मा उल्लेखित प्रदेशकै अधिकारको सूचीअन्तर्गत उल्लेखित क्र.सं.७, १२, १६, १७, १९, र २० व्यवस्था छ ।
यसैगरी, अनुसूची ७ संघ र प्रदेशको साझा अधिकारको सूचीअन्तर्गत उल्लेखित क्र. सं. ९, १३, १५, १८, २३, र २४ ; अनुसूची -८ स्थानीय तहको अधिकार सूचीअन्तर्गत उल्लेखित क्र.सं. ७, ९, १०, ११, १४, १५, १९, र २१ ; अनुसूची -९ संघ प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीअन्तर्गत उल्लेखित क्र.सं. ३, ४, ५, ७, ८ र १४ मा प्राकृतिक स्रोत र साधनको उपयोग र बाँडफाँडको अधिकार उल्लेख गरिएको छ । यस्तै, राष्ट्रिय भूउपयोग नीति २०६८ राष्ट्रिय आवास नीति २०६८ रहेका छन् । यसका अतिरिक्त क्रस कटिङमा आएका अन्य नीति तथा कानुनहरू पनि प्राकृतिक स्रोत र साधनको सही उपयोग र संरक्षणसँग सम्बन्धित छन् । माथि उल्लेखित संवैधानिक नीतिगत एवं कानुनी प्रावधानहरूका बाबजुद पनि प्राकृतिक स्रोत र साधनको ह्रासोन्मुख एवं प्रदूषणद्वारा बिटुलिने स्थिति झन् बढ्दै जाँदो छ । यस्ता नीतिहरू केवल नीतिगत व्यवस्थाका रूपमा ल्याइनु र कार्यान्वयन नहुने भयले निरन्तरता नपाउनुजस्ता चुनौतीहरू हामीसामु रहेका छन् । फलतः यो अवस्थाले कतिपय स्थानमा द्वन्द्व निम्तिन पुगेको छ । यसको समाधानका निम्ति सहभागितामूलक, सहमतिमुखी, जवाफदेही, उत्तरदायी, पारदर्शी, प्रभावकारी, कुशल, समतामूलक, र समावेशिताका पक्षहरू निहित भएको सुशासनको प्रवर्द्धन गर्नु आजको मूल आवश्यकता हो ।
(अधिकारीः समाजशास्त्र र विकास मानवशास्त्रका विद्यार्थी एवं भाषा विज्ञान विषयका अध्येता हुन् । लेख, आइएनएस समाचार संस्थाबाट साभार गरिएको हो ।)

# नेपाल टी २० मा सट्टेबाजी गर्ने ४ पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
नेपाल टी २० क्रिकेटमा सट्टेबाजी गराएको आरोपमा प्रहरीले कीर्तिपुरबाट ४ जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-२७ असन बस्ने ४२ वर्षीय रविन तुलाधरसहित ४ जना रहेका छन् । कीर्तिपुर नगरपालिका-१० स्थित क्रिकेट खेल मैदानमा नेपाल क्रिकेट लिग टि-२० पुरुष राष्ट्रिय क्रिकेट खेलमा उनीहरूले अनलाइन वेटिङ गराएको आरोप छ ।
बुधबार पुरुष राष्ट्रिय क्रिकेट खेल अन्तर्गत विराटनगर सुपर किंग र पोखरा एभेन्जर्सबीच भएको खेलमा मोबाइल फोनको प्रयोग गरी हार-जितको लागि उनीहरूले अनलाइन वेटिङ खेलाएका थिए । आरोपीहरुमाथि प्रहरी वृत्त कीर्तिपुरले अनुसन्धान भइरहेको जनाएको छ ।





सिख धर्मका दशौं गुरु गुरु गोबिन्द सिंहको जन्मजयन्तीका अवसरमा २९ डिसेम्बर २०२२ का दिन अमृतसरस्थित स्वर्ण मन्दिरमा सिख धर्मावलम्बीले श्रद्धाञ्जलि अर्पण गरेका छन् । (फोटोः नरिन्दर नानु/एएफपी)

# नेपाल टी २० मा जनकपुरधामको शानदार जित


मधेशदृष्टि
जनकपुरधाम, पुस १४ । नेपाल टी-२० लिगमा बिहीबार भएको खेलमा जनकपुर रोयल्सले फार वेष्ट युनाइटेडलाई ८ विकेटले हराउँदै शानदार जित हासिल गरेको छ।
सन्दीप जोरा र चाविक वाल्टनले सन्दीपले ५४ बलमा ३ चौका र ५ छक्कासहित ७७ रनको योगदान गरे।
ओपनरहरु पवन सर्राफ १२ र कप्तान ट्रेभोन ग्रिफिथ ६ रनको व्यक्तिगत स्कोरमा आउट हुँदा जनकपुरले ३ ओभरमा २० रन बनाएको थियो। त्यसपछि सन्दीप विष्फोट पारी सहयोगमा ६ विकेट गुमाएर १६९ रनको योगफल खडा गरेको थियो।
आठौं नम्बरमा ब्याटिङ गरेका करणले १७ बलमा ३ चौका र ४ छक्कासहित अविजित ४६ रन बनाए। उनले सातौं विकेटका लागि भीम सार्कीसँग मिलेर ५८



तेस्रो विकेटका लागि अविजित शतकीय साझेदारी गरेपछि जनकपुरले जित निकालेको हो । त्रिवि मैदानमा १७० रनको लक्ष्य पछ्याएको जनकपुरलाई १० बल अगावै जित दिलाउन सन्दीप र चाडविकले अविजित अर्धशतकीय योगदान दिएका थिए ।तेस्रो नम्बरमा ब्याटिङ गरेका चाडविकले ४० बलमा २ चौका र ५ छक्कासहित ६९ तथा चौथो नम्बरमा ब्याटिङ गरेका र चाडविकले तेस्रो विकेटका लागि १५१ रनको अविजित साझेदारी गरी टिमलाई जित दिलाउन सफल भए।
चार खेलमा तेस्रो जितसँगै ६ अंक बनाएको जनकपुर लिगको दोस्रो स्थानमा उक्लिएको छ । अंक तालिकामा पुछारबाट दोस्रो स्थानमा रहेको फारवेष्टको भने यो तेस्रो हार हो।
यसअघि टस हारेर ब्याटिङ गरेको फार वेष्टले करण केसीको रनको अविजित साझेदारी गरे । सार्कीले ३० बलमा अविजित ३६ रन बनाए।
फार वेष्टका लागि देव खनालले २२, कप्तान हस्मतुल्लाह साहिदीले १९, विनोद भण्डारीले १२ र हरिशंकर साहले १३ रन बनाए । बलिङमा जनकपुरका ललित राजवंशीले २ विकेट लिए। सोमपाल कामी र जितेन्द्र मुखियाले १-१ विकेट लिएका थिए।

# भारत-अस्ट्रेलियाबीच स्वतन्त्र व्यापार सम्झौता लागू

क्यानबेरा, १४ पुस
अस्ट्रेलिया-भारत आर्थिक सहयोग तथा व्यापार सम्झौता (ईसीटीए) बिहीबार औपचारिक रुपमा लागू भएको छ। अष्ट्रेलियाली व्यापार मन्त्री डन फरेलले भारतसँगको व्यापार सम्झौतालाई दुवै देशको अर्थतन्त्रका लागि ठूलो वरदानको रूपमा व्याख्या गरेका छन । सम्झौताले एक अर्ब ४० करोड जनसंख्या भएको अस्ट्रेलियालाई निर्यात हुने सामानमा ८५ प्रतिशत कर हटाउने छ। सम्झौतामा अष्ट्रेलियाली वाइन र बदामलगायतका उत्पादनमा लगाइएको उच्च कर पनि घटाउने सहमति भएको छ । प्रिमियम वाइनका लागि बिहीबार १५० प्रतिशतबाट घटाएर ७५ प्रतिशतमा झारिएको थियो र जनवरी १ देखि ७० प्रतिशतमा कटौती गरिनेछ र एक दशकभित्र २५ प्रतिशतमा झार्ने योजना छ। ताजा अष्ट्रेलियाली रक लबस्टर (भिङ्गा माछा), भेडा र खसीको मासुमा लगाइएको ३० प्रतिशत कर पनि किसानका लागि ठूलो प्रोत्साहनको रूपमा हटाइएको छ । संघीय सरकारका अनुसार



यो सम्झौताले अष्ट्रेलियाली निर्यातकर्तालाई प्रत्येक वर्ष दुई अर्ब अष्ट्रेलियाली डलर (१.३ अर्ब अमेरिकी डलर) बचत गर्नेछ। "भारतको युवा जनसङ्ख्या, विविध अर्थव्यवस्था र विकासको मार्गले शिक्षा, कृषि, ऊर्जा लगायत अष्ट्रेलियाली व्यवसायहरूका लागि महत्वपूर्ण अवसरहरू प्रस्तुत गर्छ," फेरेलले बिहीबार न्यूज कर्प अस्ट्रेलियामा प्रकाशित स्तम्भमा लेखेका छन । फरेलले बिहीबार आफू र प्रधानमन्त्री एन्थोनी अल्बानीस दोस्रो चरणको व्यापार सम्झौताका लागि मार्चमा नयाँ दिल्ली जाने सम्भावना रहेको बताएका छन। (रासस/सिन्ह्वा)

# नेतन्याहू अति दक्षिणपन्थी सरकार गठनको पक्षमा

जेरूसेलम, १४ पुस
इजरायलको इतिहासमा सबैभन्दा दक्षिणपन्थी सरकारको नेतृत्व गर्दै बेन्जामिन नेतन्याहू बिहीबारदेखि इजरायलको सत्तामा फर्केका छन । नेतन्याहुको वरिष्ठ सुरक्षा र कानून प्रवर्तन अधिकारीहरू जस्तै प्यालेस्टिनीहरूले पहिले नै यसले तय गर्नसक्ने दिशाका बारेमा चिन्ता व्यक्त गरिसकेका छन् ।



इजरायल डेमोक्रेसी इन्स्टिच्युट प्रवुद्ध समूहका अध्यक्ष योहानान प्लेस्नरले एएफपीसँग भने , "नेतन्याहूका साझेदारका लागि यो सपनाको सरकार बनेको छ ।""एक पक्षको सपना अर्को पक्षको दुःस्वप्न हो," उनले भने । यो सरकारले देशलाई पूर्णरुपमा नयाँ दिशामा लैजाने अपेक्षा गरिएको छ। अदालतमा भ्रष्टाचारको आरोप खेपिरहेका ७३ वर्षीय नेतन्याहूले सन् २००९ देखि २०२१ सम्म कीर्तिमानी १२ वर्ष र ९० को दशकको अन्त्यतिर तीन वर्षको कार्यकालसहित इजरायली इतिहासमा अन्य कुनै पनि व्यक्तिभन्दा लामो समयसम्म प्रधानमन्त्रीका रूपमा काम गरिसकेका छन। सन् २०२१ को वसन्त ऋतुमा नफ्ताली बेनेट र पूर्व टिभी समाचार प्रस्तोता याइर लापिडको नेतृत्वमा वामपन्थी, मध्यमार्गी र अरब पार्टीहरूको गठबन्धनले उनलाई सत्ताच्युत गरेको थियो । यद्यपि, उहाँलाई सत्तामा फर्कन धेरै समय भने लागेन। नेतन्याहूले आफ्नो नयाँ सरकारलाई इजरायली संसदमा अनुमोदनका लागि स्थानीय समयअनुसार बिहीबार बिहान ११ :०० बजे प्रस्ताव गर्नेछ। नोभेम्बर १ मा भएको निर्वाचनपछि नेतन्याहूले अति परम्परावादी र दक्षिणपन्थी पार्टीहरूसँग तत्काल सरकार गठनका लागि वार्ता सुरू गरेका थिए। उनको गठबन्धनमा बेजालेल स्मोटरिचको धार्मिक जियोनिज्म र इटामार बेन जिभरको यहूदी शक्ति पार्टी पनि सामेल रहेका छन् । दुवैमा प्यालेस्टाइनीहरूको बारेमा भड्काउपूर्ण अभिव्यक्ति दिएको आरोप लाग्नेगरेको छ । उनीहरूले अब क्रमशः पश्चिम किनारामा इजरायली बस्ती नीति र इजरायली पुलिसको जिम्मेवारी लिनेछन्, जसले १९६७ देखि इजरायलले कब्जा गरेको क्षेत्रमा पनि काम गर्दछ । (रासस/एएफपी)

# स्पेनले लेबनानमा रहेको संयुक्त राष्ट्रसंघीय मिसनलाई सघाउने

संयुक्त राष्ट्रसङ्घ , १४ पुस
स्पेनले हाल लेबनानमा कार्यरत रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनलाई थप सहयोग गर्ने इच्छा व्यक्त गरेको छ। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले सो इच्छा व्यक्त गर्नुभएको बताइएको छ।
उनी लेबनान भ्रमणमा गएका छन । त्यस क्रममा उहाँले लेबनानमा रहेको स्पेनको सैन्य समूहको कार्यको पनि निरीक्षण गर्नुभएको छ । हाल लेबनानमा संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसन (युनिफिल) रहेको छ। सो मिसनले यहाँ शान्ति स्थापना गरी यहाँको आन्तरिक सङ्कट र विद्रोहलाई शान्तिपूर्ण माध्यमबाट समाधानका गर्नका लागि काम गरिरहेको जनाएको छ ।यहाँ स्पेनको सैन्य बटालियन सन् २००६ देखि नै काम गरिरहेको छ।
स्पेन लेबनानमा शान्ति सेना पठाउने सबैभन्दा ठूलो देश हो।
स्पेनका प्रधानमन्त्री सान्चेजले हालैका वर्षहरुमा लेबनानले सिरियाली र अरु शरणार्थीहरुलाई शरण दिइरहेको विषय प्रशंसा पनि गरेका थिए। साथै उनले आगामी दिनमा स्पेनले लेबनानलई विभिन्न हिसाबले सहयोग पुऱ्याउने भन्दै स्पेनले युरोपियन युनियनमार्फत् सहयोग गर्ने बाचा पनि गरेका थिए। यसैबीचमा लेबनानी प्रधानमन्त्री नजिब मिकाटीले पनि स्पेन सरकारलाई धन्यवाद दिएका थिए।
स्पेनले छ सयभन्दा बढी शान्ति सैनिक पठाएर लेबनानमा शान्तिका लागि सहयोग गरेको भन्दै प्रधानमन्त्री नाजिबले स्पेनका प्रधानमन्त्रीलाई धन्यवाद ज्ञापन गरेका हुन । ( रासस/सिन्ह्वा)

# कम्बोडियाको एक होटलमा आगलागी हुँदा १० जनाको मृत्यु, ३० व्यक्ति घाइते

नोमपेन, १४ पुस
थाइल्याण्डको सीमामा रहेको कम्बोडियाको एक होटल क्यासिनोमा आगलागी हुँदा कम्तीमा १० जनाको मृत्यु भएको प्रहरीले बिहीबार जनाएको छ। कम्बोडियाली प्रहरीले पोइपेटस्थित ग्रान्ड डायमन्ड सिटी क्यासिनो होटलमा स्थानीय समयअनुसार राति ११:३० बजे आगलागी भएको जनाएको छ । एएफपीलाई प्राप्त प्रहरी रिपोर्टमा 'करिब १० जनाको मृत्यु भएको र ३० जना घाइते भएको' उल्लेख गरिएको छ। अनलाइनमा शेयर गरिएको भिडियो फुटेजमा विशाल कम्प्लेक्समा आगो लागेको देखिएको छ र केही क्लिपहरूमा मानिसहरू जलिरहेको



भवनबाट हामफालेको देखिन्छ । स्थानीय सञ्चारमाध्यमका अनुसार आगलागीको समयमा क्यासिनोभित्र विदेशी नागरिक थिए । थाइल्याण्डको विदेश मन्त्रालय स्रोतका अनुसार उनीहरूले स्थानीय अधिकारीहरूसँग नजिकबाट समन्वय गरिरहेका छन् र घाइतेहरूलाई थाइल्याण्डको सा कायो प्रान्तका अस्पतालहरूमा स्थानान्तरण गरिएको छ । अधिकारीले भने, "अग्नी नियन्त्रकहरूले थाई पक्षबाट दमकलहरू पठाएर आगो नियन्त्रण गर्ने प्रयास गरिरहेका छन् ।
थाइल्याण्डको उद्धार समूह रुअम्कातान्यु फाउन्डेसनका एक स्वयंसेवकका अनुसार आगो पहिलो तल्लाबाट सुरु भएको थियो तर गलैंचासँगै चाँडै भवनभरी फैलिएको थियो । ग्रान्ड डायमन्ड सिटी थाईल्याण्ड र कम्बोडियाली सीमामा सञ्चालित केही प्रसिद्ध क्यासिनो-होटल मध्ये एक हो । (रासस/सिन्ह्वा)

# नेपाल टि ट्वान्टी क्रिकेट : विराटनगर विजयी

काठमाडौं, १४ पुस
राजधानीमा जारी पहिलो संस्करणको नेपाल टि-ट्वाटी क्रिकेट लिगमा विराटनगर सुपर किङ्ग्स विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा विहिवार भएको खेलमा विराटनगर पोखरा एभेन्जर्सलाई आठ विकेटले पराजित गर्दै विजयी भएको हो। पोखराले विराटनगरलाई जितका लागि एक सय ३६ रनको चुनौती दिएको थियो।
जवाफमा विराटनगरले १८ दशमलव चार ओभरमा दुई विकेट गुमाएर एक सय ३८ रन बनायो । विराटनगरको जितमा रोहित पौडेलले अविजित ७१ रनको योगदान दिए। उनले ५७ बलमा तीन छक्का र छ चौकाको मद्दतमा ७१ रनको योगदान दिएका हुन् । त्यसैगरी गौरान्सु शर्माले ३३ रन थपे भने हुसेन तलातले २८ रनको योगदान गरे। बलिङमा पोखराका अमिर हम्जा र जाहिर खानले समान एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको पोखराले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै एक सय ३५ रन बनाएको थियो । पोखराका लागि अमिर हम्जाले सर्वाधिक ३७ रनको योगदान दिए भने सुमित महर्जनले २६ रन बनाए।
त्यसैगरी कप्तान उपुल थरङ्गाले २५ रन बनाउँदा प्रतिशत जिसिले अविजित १३ तथा आसिफ शेखले ११ रन जोडे । विराटनगरका कप्तान आन्द्रे म्याकार्थीले तीन विकेट लिए भने साहब आलम, राज नानन र नन्दन यादवले समान एक/एक विकेट लिए। यससँगै चार खेल खेलेको विराटनगरले दुई खेलमा जित हात पार्दै चार अङ्क जोडेको छ। विराटनगर अङ्क तालिकाको तेस्रो स्थानमा छ । त्यस्तै पाँच खेल खेलको पोखरा भने पाँचैं खेलमा हार बेहोर्दै अङ्कताकिकाको तेस्रो स्थानमा छ।
प्रतियोगितामा चार खेल खेलेको लुम्बिनी अल स्टार अपराजित रहदै आठ अङ्कका साथ लिगको शीर्ष स्थानमा छ । काठमाडौं नाइट्सले तीन खेलमा दुई जित हात पार्दै चार अङ्कका साथ दोस्रो स्थानमा छ। त्यसैगरी जनकपुर रोयल्स तीन खेलमा दुई जित हात पार्दै नेटरनरेटका आधारमा चौंथो तथा फार वेस्ट युनाइटेड पाँचौं स्थानमा छ। तीन खेल खेलेको फार वेस्टले एक खेलमा जित हात पार्दै दुई अङ्क जोडेको छ। प्रतियोगिताको विजेता टोलीले रु ५५ लाख तथा उपविजेताले रु ३० लाख हात पार्नेछन् ।रासस

# अमेरिकामा हरेक हप्ता कम्तीमा ४८ हजार बालबालिकालाई कोभिड सङ्क्रमण

लस एन्जलस, १४ पुस
संयुक्त राज्य अमेरिकामा हरेक हप्ता कम्तीमा पनि ४८ हजार जना बालबालिकालाई कोभिडको सङ्क्रमण हुने गरेको छ ।पछिल्ला केही हप्ता यस्तो अवस्था देखिएको यहाँका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन्। उनीहरुका अनुसार पछिल्ला हप्ताहरुमा अमेरिकामा बालबालिकामा कोभिडको सङ्क्रमण बढेको पाइएको हो। अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स र अमेरिकी बालबालिका अस्पतालहरुको सङ्गठनले बुधबार यस्तो तथ्याङ्क दिएका हुन् ।यहाँ कोभिड सङ्क्रमण सुरु भएदेखि एक लाख ५२ लाख बालबालिकालाई कोभिडको सङ्क्रमण भएको पनि ती संस्थाले जानकारी दिएका छन् । ती तथ्याङ्कमा गएका चार हप्तामा मात्र एक लाख ६५



हजार बालबालिका थपिएका हुन् । अमेरिकाका कतिपय राज्यमा अहिले चिसोले निकै सताएको छ। त्यहाँ चिसोका कारण कैयौं मानिसको ज्यान पनि गएको छ । यस अवस्थामा यहाँ पछिल्ला हप्ताहरुमा बालबालिकामा कोभिडको संक्रमण बढ्दै गएको देखिएको छ। यहाँका स्वास्थ्य अधिकारीहरुले उमेर समूहका आधारमा कोभिड सङ्क्रमितहरुको तथ्याङ्क तयार गरेर विश्लेषण गर्नुपर्ने अवस्था आएको पनि बताएका छन्। (रासस/सिन्ह्वा)

# मधेस प्रदेशलाई प्रविधियुक्त बनाउने अभियान




मधेशदृष्टि
वीरगंज, पुस १४ ।
नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत स्टार्टअप तथा इनोभेसन कमिटी, खल्ती र इजी इट्सले मधेस प्रदेशलाई प्रविधियुक्त बनाउने अभियानको थालनी गरेको छ। बिहीवार वीरगञ्जबाट यो अभियान थालिएको कमिटी संयोजक अनुप अग्रवालले जानकारी दिएका छन ।

महासंघले औद्योगिक तथा आर्थिक शहर वीरगञ्जबाट यो अभियान थालेको बताएको छ । वीरगञ्ज पब्लिक कलेजबाट शुरु भएको कार्यक्रम ४५ ओटा शैक्षिक संस्थामा सञ्चालन गरिने आयोजकले बताएको छ । प्रविधिको प्रयोगबारे चेतना जगाउन यस्तो अन्तरक्रिया सञ्चालन गरिएको अग्रवालले बताए ।

उद्यमशीलता मार्फत मधेस प्रदेशलाई प्रविधिसँग जोड्ने र यसको उपयोग बढाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष गणेशप्रसाद लाठले बताए ।

मधेस विश्व विद्यालयका उपकुलपति प्राध्यापक डा.दीपक शाक्यले प्रविधिको उपयोगमा अवसरसँगै यसका जोखिमप्रति पनि सचेत हुनुपर्नेमा जोड दिए । खल्ती एपका बरुणप्रताप शाह, इजी इट्सका सिम्रन चौरसिया, बीपीसी कलेजका सहायक क्याम्पस प्रमुख अरबिन्द श्रेष्ठ लगायतले आजको युगमा प्रविधिको आवश्यकता अपरिहार्य भएको कुरामा जोड दिए ।

# स्वास्थ्य चौकीको सामाग्री खरीदमा व्यापक अनियमितता



मधेशदृष्टि
वीरगज, पुस १४ ।
वीरगज महानगरपालिकाको स्वास्थय महाशाखाले मातहतका स्वस्थ्य चौकीका लागी खरिदको समानमा व्यापक अनियमिता भएको गरेको समाचर प्राप्त भएको छ ।

स्वस्थ्य महाशाखाले महानगर भित्र रहेका स्वस्थय केन्द्रहरुले आफै खरिद गरि पठाएको समानहरुमा स्थानिय बजार दरभन्दा बढी मुल्यमा समान गर्नुका साथै फरक साईज तथा गुणस्तरहिन रहेको पाईएको छ ।

लाखौ रुपैयाको समान महानगर खरिद गर्दा महानगरका महाशाखाका कर्मचारीहरु ठेक्दार हरुसंग मिलोमतो गरि रकम कुम्याउने गरेको छ । महानगरले चौकीहरुमा पठाएका समानका लिस्ट तथा समानका बिबरण फरक देखिएको स्वास्थ्यका कर्मचारीहरुको भनाई छ । महानगरले पठाएको लिस्टमा समानको संख्यामा पनि फरक देखिएको कर्मचारीहरु बताएका छन । सानो डिटल साबुन १२ वटा पिस २८५ मा खरिद गरेकोछ । ८० एमएमको लक पठाउन पर्नेमा ६५ एमएमको लक पठाएको त्यसको मुल्य रु ४५२ राखिएको छ। कपडा धुने समाबुन १२ गोटाको ४४६ बेटसिट ३ थान २१५० पानी तातो गर्ने भाडाको बजार मुल्य ६ सय रहेको तर महानगरले रु ९०४ सयमा खरिद गरेर पठाएको छ । त्यसैगरि स्वास्थ्य महाशाखाले पेन, ईन्डेक्स फाईल, पञ्चिङ्ग मेसिन, रेर्कड फाईल कपडा धुने साबुन, क्यालकुलेटर, मारकर, हाईलाटर पेन, टिपेक्स,सर्फ लगाएत समानहरु पठाएको प्रमाण भेटिएको छ । बजारभन्दा ती समानहरुको मुल्य फरक पाईएको छ । यस बिषयमा महाशाखा प्रमुख रितेश जयसवालसंग बुझ्दा ठेक्दारको लापरवाही भएको बताए । ताल्चामा देखिएको फरक बारे ठेक्दारसंग सोधेर बताउने बताए । महानगरले बर्षेनी करोडको स्वाथ्य सामगी खरिद गर्ने गरेकोमा केही त्रुटी हुक्ने सम्भवना रहेकोले जैयसवालको भनाई थियो ।

# पुर्वराजा विरेन्द्रको ७८ औं जन्म जयन्ती मनाइयो

मधेशदृष्टि
वीरगंज, पुस १४ ।
स्वर्गीय पूर्व राजा बिरेन्द्र साहको ७८ औँ जन्म जयन्तीको अवसरमा राजावादी संस्थाहरुले विभिन्न कार्याक्रम गरी मनाएको छ ।

सोही क्रममा नेपाल विद्त परिषद पर्साले वीरगंजको प्रतिमा चोक स्थित राजाको शालिकमा माल्र्यापण गर्नुका साथै पूर्व राजाप्रति श्रद्धासुमन व्यक्त गरेको छ ।

नेपाल विदत परिषदका मध्यमाञ्चल संयोजक नरेश राज गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला अध्यक्ष रामनारायण प्रसाद, नगर अध्यक्ष पुररुषोत्तम सिंह, प्रेम सर्राफ, किशोरी सर्राफ, प्रमोद शर्मा लगायतको उपस्थिति रहेको थियो ।

यसैगरी नेपाल राष्ट्रवाद संघले स्व. राजा विरेन्द्रको तस्विरमा माल्यापर्ण गरी श्रद्धाञ्जली व्यक्त गर्दै जन्मदिन मनाएको छ । कार्याक्रममा संघका अध्यक्ष जनकलाल साह, केन्द्रीय सदस्य पृथ्वी झा, नरेश गिरी, जिल्ला अध्यक्ष उमाशंकर प्रसाद लगायतको उपस्थिति रहेको थियो ।

यसैगरी नागरिक समाज पर्साले स्वर्गीय राजा विरेन्द्रको जन्मदिनको अवसरमा वीरगंजस्थित लक्ष्मनवामा रहेको राजाको शालिकमा फुलमाला लगाई भव्यताका साथ मनाएको छ ।कार्याक्रममा नागरिक समाज पर्साका अध्यक्ष अब्दुल सतार अन्सारी, पशुपति विक्रम साह, जनक साह, आशा देवी, शुरेश प्र. यादव, उषा साह, विरेन्द्र थापा लगायतको उपस्थिति रहेको थियो ।

यसैगरी देशभक्त राज्य भक्तले स्वर्गीय राजाको ७८ औँ जन्मजयन्ती अवसरमा वीरगंजस्थित महाविर मन्दिरको प्रांगणमा राजाको तस्विरमा माल्यापर्ण गरी मनाएको छ ।

कार्याक्रममा केन्द्रीय अध्यक्ष दिपेन्द्र प्रसाद रौनियार, उपाध्यक्ष राज किशोर चौबे, जिल्ला अध्यक्ष सतीश श्रीवास्तव, बाबुलाल शर्मालगायतको उपस्थिति रहेको थियो ।



# वीरगंजका आम सञ्चारमाध्यमलाई प्रबर्द्धन गर्न अन्तरक्रिया




मधेशदृष्टि
वीरगंज, पुस १४ ।
बीरगंज महानगरपालिकाको आम सञ्चारमाध्यम नियमन तथा प्रवर्द्धन समितिले स्थानिय पत्रपत्रिका आम सञ्चारमाध्यमलाई संरक्षण र प्रबर्द्धन गर्ने उद्देश्यले आज अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ । वीरगंज महानगरपालिकाले दिदै आएको लोककल्याणकारी विज्ञापन र सूचनालाई व्यवस्थित र पारदर्शी ढंगले समानुपातिक रुपमा वितरण गर्ने उद्देश्यले बिहीवार महानगरपालिकाको सभा कक्षम पहिलो सत्रमा दैनिक पत्रिकाहरु र दोश्रो सत्रमा साप्ताहिक पत्रिकाहरुको समस्या र महानगरपालिकाले गर्न सक्ने समाधानको विषयमा अन्तरक्रिया गरिएको थियो ।

आम सञ्चारमाध्यम नियमन तथा प्रवर्द्धन समितिका संयोजक ध्रुव अधिकारीको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मी प्रसाद पौडेलले नगर क्षेत्रबाट प्रकाशित पत्र पत्रिका, अनलाईन, रेडियो, टेलिभिजनलाई व्यवस्थित गर्दै उनिहरुको संरक्षण र सम्बर्द्धनका लागि वीरगंज महानगरपालिकाले देशमै पहिलो पटक ऐन, नियम, कानुन बनाएर सहयोग पुर्‍याउदै आएको बताए ।

कार्यक्रममा प्रतिक दैनिकका प्रधान सम्पादक एवं वरिष्ठ पत्रकार जगदीश शर्माले महानगरले सुरुवात गरेको अभियान सराहनिय भएको बताउदै पत्र पत्रिकालाई गुणस्तरीयताका आधारमा वर्गिकरण गरी महानगरपालिकाबाट प्राप्त सहयोगलाई पारदर्शी रुपमा वितरण गर्नु पर्ने कुरामा जोड दिए ।

पहिलो सत्रको कार्यक्रममा वीरगंजबाट प्रकाशित दैनिक पत्रिकाका सम्पादक, प्रकाशकहरुको सहभागिता रहेको थियो भने दोश्रो सत्रको कार्यक्रममा साप्ताहिक पत्रिका सम्पादक, प्रकाशकहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा पत्रिकाका संचालकहरुले महानगरपालिकाले दिदै आएको लोककल्याणकारी विज्ञापन वापतको भुक्तानी लामो समय देखि रोकिएको र यसले पत्र पत्रिकाहरु अप्ठ्यारोमा परेको कुरामा जोड दिएका थिए ।

बीरगंज महानगरपालिका सूचना शाखाका प्रमुख शम्भु कुशवाहाले सहजिकरण गर्नु भएको कार्यक्रममा नगर प्रमुखका प्रेस सल्लाहकार महेश दास, जनसम्पर्क सल्लाहकार नवराज फुयांल, प्रवर्द्धन समितिका मनोज पटेल, अमित अग्रवाल, मुस्कान श्रेष्ठ, माधुरी महतो, वृजलाल पासवान लगायतको सहभागिता रहेको थियो ।

# नेरामावि श्रीपुरमा वृक्षारोपण



मधेशदृष्टि
वीरगंज, पुस १४ ।
वीरगंज महानगरपालिकाको वडा नम्वर ११ श्रीपुरमा रहेको नेपाल राष्ट्रिय विद्यापिठ माद्यमिक विद्यालय परिसरमा बिहीवार वृक्षारोपण गरिएको छ ।

वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वृक्षारोपण गरी कार्यक्रमको उद्घाटन गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले वीरगञ्जलाई हरियाली बनाउन वृक्षारोपणका साथै रोपिएका विरुवा जोगाउनु पर्नेमा जोड दिए । विद्यापिठ मा.वि.को निर्माणाधिन भवनलाई पूर्णता दिन महानगरले आवश्यक सहयोग गर्ने भन्दै उनले महानगरका सबै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरवृद्धिका लागि काम गरिरहेको बताए । आगामी दिनमा निजी विद्यालयमा पढाउनु पर्ने अभिभावकहरुको बाध्यतालाई हटाउन सामुदायिक विद्यालयको गुणस्तर बृद्धि गर्दै शिक्षक शिक्षिकाहरुको दक्षता बृद्धिका लागि महानगर तयार रहेको पनि बताए ।

दिल्ली मोडलमा सामुदायिक विद्यालयको गुणस्तर बृद्धि गर्न आफू तयार रहेको भन्दै त्यसका लागि विद्यालयका प्रधानाध्यापक, अभिभावक र विद्यार्थी सबैको साथ रहनु पर्नेमा जोड दिए । विद्यालय प्राङ्गणमा करिब एक सय भन्दा बढी विभिन्न प्रकारका विरुवा रोपिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेश लाठको सभापतित्वमा सम्पन्न कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल, वडा नम्वर ११ का वडाध्यक्ष अजय चौरसिया लगायतको सहभागिता रहेको थियो ।

# जाडो छल्न जउवा संघको सक्रियतामा चोक चोकमा अगेना

मधेशदृष्टि
जनकपुरधाम, पुस १४ । अत्यधिक बढेको जाडो र शितलहरको दृष्टिगत गर्दै जनकपुरधाम उद्योग वाणिज्य संघको सक्रियतामा बिहीबारदेखि जनकपुरधामकोविभिन्नचोकहरूमा अगेनाका लागि दाउरा बाल्न शुरु गरिएको छ ।

अत्यधिक चिसोका कारण जनजीवन प्रभावित भएसँगै जनकपुरधाम उद्योग वाणिज्य संघले विपत् व्यवस्थापन, जनकपुरधाम उपमहानगरपालिका सहित विभिन्न निकायहरूको समन्वयमा नगरका चोकहरूमा दाउरा बाल्न सुरु गरेको हो ।

बजारमा किनमेलका लागि निस्कने मानिसलाई जाडोले मुस्किल परेको र बाहिरबाट आउने पर्यटकहरू पनि प्रभावित भइरहेको अवस्थालाई दृष्टिगत गर्दै नगरका चोक चोकमा दाउरा बाल्न थालिएको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले जानकारी दिए ।



उनका अनुसार जनकपुरधामको भानु चोक, रेल्वे स्टेशन, जनक चोक, प्रादेशिक अस्पताल प्रांगण, रामानन्द चोक र बस स्टैण्ड सहित ६ स्थानमा दाउरा बालेर अगेनाको व्यवस्था गरिएको छ ।

दुई/चार दिनपछि नगरको १६ ठाउँमा अगेनाको व्यवस्था गरिने उनले बताए । अगेनाका लागि वन कार्यालयबाट दाउरा व्यवस्थापन गरिएको जनाइएको छ । अत्याधिक चिसो र शितलहर भएपछि नगरबासीलाई राहत पुगोस् भन्ने उद्देश्यले मुख्य चोकहरूमा दाउरा वितरणसहित आगो ताप्ने व्यवस्था गरिएको छ र यो निरन्तर जारी रहने उनले बताए ।

जनकपुरधामउपमहानगरपालिका, जनकपुरधाम उद्योग वाणिज्य संघ, विपद् व्यवस्थापन समिति, सशस्त्र प्रहरी बल धनुषा, डिभिजन वन कार्यालय र नेपाल पत्रकार महासंघ धनुषाको समन्वयमा दाउरा बालिएको उनले जानकारी दिए । अध्यक्ष महासेठले जाडो अवधिभरका लागि यसलाई निरन्तरता दिइने समेत बताए ।

विगतका वर्षहरूमा पनि जिल्ला वन कार्यालयसँग समन्वय गरेर ठाउँ ठाउँमा अगेना बाल्ने कार्य गरिन्थ्यो, यस वर्षपनि निरन्तरता दिइएको छ । यस वर्ष बुधबारदेखि तराईमा शितलहरको प्रकोप सुरु भएको छ ।

# विपन्न परिवारलाई कम्बल वितरण

मधेशदृष्टि
वीरगंज, पुस १४ ।
बहुदरमाई नगरपालिका ७ बिश्रामपुरमा बिहीवार एक कार्यक्रमको आयोजना गरि जाडोबाट बच्न विपन्न परिवार कम्वल बितरण गरेको छ। वडाध्यक्ष बिरेन्द्र यादवको अध्यक्षतामा शुरु भएको कम्बल बितरण कार्यक्रममा ३५० थान बितरण गरिएको हो । दलित, अपाग, एकल महिलाहरुलाई कम्बल बितरण गरिएको वडासचिव रामअयोध्या साहले जानकारी दिएका छन् । यसैविच वीरगंज राउण्ड टेवलले पर्साको जिराभवनी गाउँपालिका वडा नम्बर ३ सहजानपुर मुसहर बस्तीमा एक कार्यक्रमका विच अतिविपन्न एकल महिला तथा अपांगलाई ३० थान कम्बल वितरण गरेको छ । बीरगंज राउण्ड टेवलका अध्यक्ष मनिष लाठको नेतृत्वमा गएको टोलीले स्थानिय बुद्धिजीवी जयनाराण चौधरी, प्रकाश थारु, विजय महतो, राउण्ड टेवलका सदस्य लगायतको उपस्थिति कम्बल वितरण गरेको थियो । बीरगंज राउण्ड टेवलको आर्थिक सहयोगमा कम्बल वितरण गरिएको प्रकाश थारुले जानकारी दिए ।

# मेलमिलाप दिवसमा फलफूल वितरण

मधेशदृष्टि
वीरगंज, पुस १४ ।
नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ ले ४७ औ राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको अवसरमा पुस १६ गते शनिवार विहान ८ बजे नारायणी अस्पतालमा फलफुल वितरण गर्ने निर्णय गरेको छ । बिहीवार बसेको क्षेत्रिय बैठकबाट यस्तो निर्णय गरिएको हो । २०३३ साल पुस १६ गते विशेश्वर प्रसाद कोईरालाले ८ बर्षलामो निर्वासन अन्त्य गरी स्वदेश फर्केको दिनलाई नेपाली कांग्रेसले राष्ट्रिय एकता तथा मेलमिलापको दिवसवको रुपमा मनाउदै आएको छ । नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ ले नारायणी अस्पतालका विरामीहरुलाई फुलफुल वितरणगर्ने कार्यक्रम आयोजना गरेको छ । बैठकमा नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ का सभापति महम्मद सहाबुद्दिन, क्षेत्रिय सचिव रंजित पटेल, मिलन यादव, कोषाध्इक्ष विनोद ठाकुर, सदस्य धिरज प्रसाद गुप्ता, अवगन्त चौरसिया, दिपक साह कानु, शेख बसरुद्दिन, संजय गुप्ता, धर्मेन्द्र चौर सिया, भिम चौरसिया लगायतको सहभागिता रहेको थियो ।

# आमोदेवी क्याम्पसमा वक्तृत्वकला तालिम

मधेशदृष्टि
वीरगंज, पुस १४ ।
पर्साको पर्सागढी नगरपालिका वडा नम्बर ३ पकडिया बढि् नयारस्थित आमोदेवी जनता क्याम्पसमा सभा सञ्चालन उद्घोषण वक्तृत्वकला सम्बन्धी तालिमको आयोजना गरिएको छ । पर्सागढी नगरपालिका कार्यालयको सहयोगमा सहज सेवा सीप विकास केन्द्र प्रा.ली.ले ७ दिने सभा सञ्चालत उद्घोषण तालिमको आयोजना गरेको हो । पर्सागढी नगरपालिकाका नगरप्रमुख गोकर्ण पाठकले तालिमको उद्धाटन गर्नु भएको थियो । तालिममा अनलाईन खबरका पर्सा जिल्ला संवाददाता सुरेश बिडारी र चलचित्र पत्रकार संघ पर्साकी अध्यक्ष तथा रेडियो वीरगञ्जकी निलिमा पौडेलले सहभागीहरुलाई प्रशिक्षण दिएका छन ।

पर्सागढी नगरपालिका कार्यपालिका सदस्य सीता लामाको अध्यक्षतामा भएको तालिमको उद्धाटन सत्रमा स्थानीय समाजसेवी अशोक बुर्लाकोटी, सहज सेवा सीप विकास केन्द्रकी ललिता देवी यादव, सुस्मिता कुमारी चौधरी लगायतको उपस्थिती रहेको थियो ।

# पहिलो अधिवेशन पुस १८ गते

मधेशदृष्टि
जनकपुरधाम, पुस १४ ।
मधेस प्रदेश सभाको पहिलो अधिवेशनको बैठक पुस १८ गतेका लागि बोलाइएको छ। बिहीबार प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रदेश सरकारको सिफारिसमा अधिवेशन आह्वान गरेका हुन् । प्रदेश सरकारको तर्फबाट मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सभा अधिवेशनका लागि सिफारिस पत्र बुधवार प्रदेश प्रमुख हरिशंकर मिश्रलाई बुझाएका छन् । नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम पुस १८ गते सोमबार दिउँसो १ बजेका लागि अधिवेशन बोलाइएको प्रदेश प्रमुखको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ । प्रदेश सरकार मन्त्रीपरिषद्को बिहीबार बसेको बैठकबाट प्रदेश सभाको अधिवेशन आह्वान गर्ने निर्णय अनुसार सिफारिस भई आए अनुरुप नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख मिश्रबाट प्रदेश सभाको पहिलो अधिवेशन आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका सचिव राजेन्द्र पराजुलीले बताएका छन् । मधेस प्रदेशमा १०७ जना सांसद छन् । मंसिर ४ मा सम्पन्न प्रदेश सभा निर्वाचनबाट नेकपा एमालेले प्रत्यक्षमा १५ र समानुपातिक ८ गरी २३ सिट पाएर पहिलो दल बनेको छ भने नेपाली कांग्रेस प्रत्यक्षमा १३ र समानुपातिकमा ९ गरी २२ सिट पाएर दोस्रो, जनता समाजवादी पार्टी प्रत्यक्षमा ९ र समानुपातिकमा ७ गरी १६ सिट पाएर तेस्रो, जनमत पार्टी प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरी १३ सिटसहित चौथो दल बनेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल